# राजस्व सुधार कार्ययोजना

# परवानीपुर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

लिपनीमाल, बारा, मधेश प्रदेश, नेपाल

# प्रतिवेदन तयारी

| | |
|---|---|
| प्रतिवेदनको शिर्षक | राजस्व सुधार कार्ययोजना, २०७९ |
| प्रदेश | मधेश प्रदेश |
| गाउँपालिका | परवानीपुर |
| समन्वय | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| प्राविधिक सहयोग | **SDG Joint Fund/UNCDF Nepal** |
| सहजीकरण | सुशासन तथा विकास अनुसन्धान केन्द्र, प्रा. लि. काठमाण्डौं |
| मिति | फागुन, २०७९ (February, 2023) |

# शब्द सङ्क्षेप

| | | |
|---|---|---|
| आलेप | : | आन्तरिक लेखापरीक्षण |
| उ.वा.स. | : | उद्योग वाणिज्य संघ |
| गापा | : | गाउँपालिका |
| नपा | : | नगरपालिका |
| का.पा.स. | : | कार्यपालिका सदस्य |
| प्र.प्र.अ. | : | प्रमुख प्रशासकीय अधिकृत |

| | |
|---|---|
| CAGR | : Compound Annual Growth Rate |
| FGD | : Focused Group Discussion |
| GIS | : Geographic Information System |
| IEE | : Initial Environmental Examination |
| KII | : Key Informant Interview |
| RIAP | : Revenue Improvement Action Plan |

# मन्तव्य

नेपालमा संघीयताको कार्यान्वयनसँगै स्थानीय जनताको आवश्यकता पुरा गर्न गाउँपालिकासँग प्रशस्त जिम्मेवारीहरु रहेका छन् । जनचाहना अनुसारको सेवा प्रवाह गर्न गाउँपालिकालाई संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान पर्याप्त रहेको छैन । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकालाई प्राप्त वित्तीय अधिकारको पूर्णरुपमा प्रयोग गर्न सके गाउँपालिकाले कल्पना गरेको गाउँपालिका बनाउन सहयोग पुग्ने देखिन्छ ।

यस गाउँपालिकाको राजस्व सुधार कार्ययोजना बनाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको समन्वय र SDG Joint Fund मार्फत UNCDF ले प्रदान गरेको प्राविधिक सहयोगका लागि गाउँपालिका हार्दिक आभार व्यक्त गर्दछ ।

गाउँपालिकाको आन्तरिक राजस्व परिचालनमा देखिएका वर्तमान सवाल तथा समस्याहरुको पहिचान गरी सम्भावित राजस्वको समेत प्रक्षेपण गरी तयार गरिएको राजस्व सुधार कार्ययोजनाको कार्यान्वन गर्न गाउँपालिका प्रतिवद्ध रहेको ब्यहोरा अनुरोध गर्दछु ।

अन्त्यमा, राजस्व सुधार कार्ययोजना तर्जुमा गर्न सहयोग गर्नु हुने सबै सहभागीहरुलाई धन्यवाद दिँदै यसको कार्यान्वयनमा समेत सबै पक्षको सहयोग प्राप्त हुने अपेक्षा गर्दछु ।

धन्यवाद ।

**रामक्षेत्री प्रसाद कुर्मी**
अध्यक्ष

फागुन, २०७९

परवानीपुर गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

लिपनीमाल, बारा।

मधेश प्रदेश, (नेपाल)

# मन्तव्य

स्थानीय राजस्व परामर्श समितिको पहलमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वय र SDG Joint Fund मार्फत UNCDF को प्राविधिक सहयोगमा परवानीपुर गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा भएको हो । यस किसिमको सहयोगका लागि सम्बन्धित निकायप्रति परवानीपुर गाउँपालिका अन्तर्गतको स्थानीय राजस्व परामर्श समिति हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

यस योजनाले राजस्व परिचालनका क्षेत्रमा गाउँपालिकाले भोगेका समस्याहरुको पहिचान गरी भविष्यमा गर्नु पर्ने सुधारका क्षेत्रहरुको पहिचान गरी सुझाव उपलब्ध गराएको छ । विगतका अनुभव र कार्ययोजनाले तय गरेको नीति र रणनीतिहरुको पूर्णरुपमा अनुसरण गर्दै कार्ययोजनाको कार्यान्वयनलाई स्थानीय राजस्व परामर्श समितिले पहिलो प्राथमिकतामा राख्ने प्रतिवद्धता समेत ब्यक्त गर्दछु ।

अन्त्यमा, राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यमा सहभागी भई महत्वपूर्ण सुझावहरु उपलब्ध गराउने सबैमा धन्यवाद ब्यक्त गर्दै राजस्व सुधार कार्ययोजनाको सफल कार्यान्वयन र अनुगमनमा सबैको साथ सहयोग प्राप्त हुन सकोस भनी अनुरोध समेत गर्दछु ।

धन्यवाद ।

**सुगन्धादेवी कनुइन**
उपाध्यक्ष

फागुन, २०७९

# मन्तव्य

नेपालको संविधानले संघीयताको कार्यान्वयनमा स्थानीय तहको भूमिकालाई महत्वपूर्ण आधारका रुपमा लिएको छ। गाउँपालिकाको आवश्यकता पुरा गर्न संघीय सरकार र प्रदेश सरकारले समानीकरण अनुदानका साथसाथै सशर्त, विशेष र समपूरक अनुदानहरु प्रदान गर्दै आएका छन। कानूनतः गाउँपालिकाले प्राप्त गरेको वित्तीय अधिकारको दायरा वृद्धि गरी आन्तरिक राजस्व परिचालनलाई जनताको सहभागितामा न्यायोचित, भरपर्दो र पारदर्शी बनाउनु पर्दछ। गाउँपालिकाको वित्तीय आत्मनिर्भरता बढाउन र संघ तथा प्रदेश सरकारप्रतिको परनिर्भरता न्यून गर्न आन्तरिक राजस्वको प्रभावकारी परिचालनमा जोड दिन आवश्यक छ। अझै पनि सबै करदाताहरु करको दायरामा आउन नसकेको वर्तमान अवस्थामा सुधार गरी करको दायरा फराकिलो पार्न गाउँपालिकाले थप मेहेनत गर्नेछ।

आन्तरिक राजस्व परिचालनको वर्तमान अवस्था, सवाल र समस्याहरुको पहिचान गरी यिनीहरुको समाधानका उपायहरु समेत समावेश गरी तयार भएको यस राजस्व सुधार कार्ययोजनाले गाउँपालिकालाई राजस्व परिचालनका क्षेत्रमा गर्नु पर्ने सुधारका क्षेत्रहरुको मार्गचित्र तय गरिदिएको छ। तसर्थ, आगामी वर्षहरुमा गाउँपालिकाले कार्ययोजनालाई कार्यान्वयन गर्न सबै पक्षको सहयोगको आवश्यकता पर्दछ। यसका लागि मुख्यतः स्थानीय राजस्व परामर्श समितिको नेतृत्व र पहलमा यो योजना सफलताका साथ कार्यान्वयन हुन सक्ने विश्वास प्रकट गर्दछु। साथै, प्रशासनिक रुपमा गाउँपालिका कार्यालयबाट स्थानीय राजस्व परामर्श समितिलाई पूर्णरुपमा सहयोग प्राप्त हुने प्रतिवद्धता समेत व्यक्त गर्दछु।

अन्त्यमा, यस राजस्व सुधार कार्ययोजना तयार गर्न सहजीकरण गर्ने सुशासन तथा विकास अनुसन्धान केन्द्र र यसमा सम्लग्न विज्ञहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै कार्ययोजना तर्जुमाका समयमा सहभागी भई आवश्यक सहयोग र सुझाव उपलब्ध गराउने सबै सरोकारवाला निकाय र प्रतिनिधिहरुप्रति आभार ब्यक्त गर्दछु। साथै, कार्ययोजनाको कार्यान्वयनमा सबै पक्षको निरन्तर सहयोग प्राप्त हुने अपेक्षा गर्दछु।

धन्यवाद।

**मुन्ना साह रौनियार**
प्रमुख प्रशासकीय अधिकृत

फागुन, २०७९

Ref. No.

Date:

# कृतज्ञता ज्ञापन

परवानीपुर गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई समन्वय गर्ने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय तह क्षमता विकास महाशाखा र प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउने SDG Joint Fund र संयुक्त राष्ट्रसंघीय पूँजी विकास कोष (UNCDF) प्रति हार्दिक आभार प्रकट गर्दछु । राजस्व सुधार कार्ययोजना तर्जुमा प्रक्रियाको आयोजना गर्ने परवानीपुर गाउँपालिकाका अध्यक्ष श्री रामक्षेत्री प्रसाद कुर्मी, उपाध्यक्ष श्री सुगन्धादेवी कनुइन, प्रमुख प्रशासकीय अधिकृत श्री मुन्ना साह रौनियार, वडा अध्यक्ष तथा गाउँ कार्यपालिकाका सदस्यहरु, राजस्व शाखा, लेखा शाखा, आलेप शाखा लगायतका कर्मचारीहरु, निजी क्षेत्र र नागरिक समाजका प्रतिनिधिहरुको सहभागिता, सहयोग र योगदानको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद ज्ञापन गर्दछु । साथै, गाउँपालिकाको राजस्व सम्बन्धी विभिन्न जानकारी दिई सूचनादाताहरूबाट राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि महत्वपूर्ण सहयोग पुर्‍याउनु हुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

यस राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan-RIAP) तयार गर्ने सिलसिलामा सुशासन तथा विकास अनुसन्धान केन्द्र प्रा.लि.का तर्फबाट सम्लग्न विज्ञ श्री विष्णुप्रसाद नेपाल र श्री सुचित्रा पोखरेलको समय, अनुभव र कार्यकुशलताको लागि विशेष धन्यवाद दिन चाहन्छु ।

**हेमराज लामिछाने, पिएचडी**
अध्ययन टोली प्रमुख तथा अध्यक्ष,
सुशासन तथा विकास अनुसन्धान केन्द्र, प्रा.लि.
काठमाडौं,

फागुन, २०७९

# विषय सूचि


1 परिच्छेद एकः परिचय ....... 10

1.1 पृष्ठभूमि 10
1.2 अध्ययनको उद्देश्य 10
1.3 अध्ययनको औचित्य 11
1.4 अध्ययनको विधि तथा क्षेत्र 11
1.5 अध्ययनको सीमा 14

2 परिच्छेद दुईः गाउँपालिकाको संक्षिप्त परिचय ....... 15

2.1 गाउँपालिकाको परिचय 15
2.2 गाउँपालिकाको मानव संसाधनको अवस्था 15
2.3 गाउँपालिकाको मुख्य पूर्वाधारको अवस्था 17
2.4 गाउँपालिका भित्र भएका आर्थिक गतिविधिहरू 18
2.5 राजस्व प्रशासन चक्र र प्रक्रिया 19

3 परिच्छेद तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता ....... 21

3.1 पृष्ठभूमि 21
3.2 राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था 21
3.3 स्थानीय तहको राजस्व अधिकारको शीर्षकगत व्याख्या 24
3.4 स्थानीय तहको ऋण सम्बन्धी व्यवस्था 30
3.5 गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था 30

4 परिच्छेद चारः राजस्व सङ्कलनको संस्थागत क्षमता र सङ्कलन अवस्था ....... 33

4.1 राजस्व परिचालन सम्बन्धी नीति 33
4.2 आय सङ्कलनको संस्थागत क्षमता 33
4.3 राजस्व परिचालनमा रहेका सवालहरू 34
4.4 राजस्व परिचालन सम्बन्धी प्रयासहरु 34
4.5 आन्तरिक राजस्वका प्रमुख क्षेत्रहरूको कार्यान्वयन र सम्भावनाको अवस्था 35
4.6 अन्य सम्भावित स्रोतहरू (स्थानीय आर्थिक विकास लगायत) 45
4.7 प्रभावकारी राजस्व परिचालनका लागि गरिनुपर्ने कार्यहरू 45

5 परिच्छेद पाँचः राजस्व सुधार कार्ययोजना ....... 47

5.1 राजस्व सुधार कार्ययोजना 47

6 परिच्छेद छः आगामी तीन वर्षको आय प्रक्षेपण ....... 51

6.1 राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण 51
6.2 गाउँपालिकाको आगामी ३ आर्थिक वर्षको राजस्व प्रक्षेपण 52

7 परिच्छेद सातः अपेक्षित नतिजा, रणनीति र कार्यनीति ....... 55

7.1 अपेक्षित नतिजा 55
7.2 रणनीति तथा कार्यनीतिहरू 55

8 परिच्छेद आठः अनुगमन तथा मूल्याङ्कन ....... 58

8.1 पृष्ठभूमि 58
8.2 अनुगमन 58
8.3 मूल्याङ्कन 58
8.4 अनुगमन योजना 58
8.5 अनुगमन विधि तथा प्रक्रियाहरु 59

8.6 अनुगमन संयन्त्र 60
8.7 अनुगमन तथा मूल्याङ्कन समितिको जिम्मेवारी 61
सन्दर्भ सामग्रीः 64

## तालिकाहरु

तालिका 1: गाउँपालिकाको जनसंख्याको अवस्था ........ 15
तालिका 2: गाउँ कार्यपालिकाको कार्यालयको दरबन्दी तेरिज ........ 16
तालिका 3: गाउँ कार्यपालिका कार्यालयको दरबन्दी तेरिज (सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार) ........ 16
तालिका 4: प्रमुख पेशा अनुसार जनसंख्या ........ 18
तालिका 5: गाउँपालिकामा रहेका व्यवसायहरू र संलग्न हुनेहरूको विवरण (क) ........ 18
तालिका 6: गाउँपालिकामा रहेका व्यवसायहरू र संलग्न हुनेहरूको विवरण (ख) ........ 19
तालिका 7: तहगत सरकारको राजस्व अधिकार ........ 22
तालिका 8: प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँट (प्रतिशतमा) ........ 22
तालिका 9: राजस्व बाँडफाँट सम्बन्धी व्यवस्था (प्रतिशतमा) ........ 23
तालिका 10: स्थानीय र प्रदेशतहबीचको राजस्व बाँडफाँट ........ 23
तालिका 11: राजस्व परिचालनको वर्तमान अवस्था ........ 31
तालिका 12: विगत २ आ.व. को राजस्व सङ्कलनको अवस्था ........ 32
तालिका 13: स्थानीय राजस्व परामर्श समितिको संरचना ........ 34
तालिका 14: सम्पत्ति करको गणना ........ 36
तालिका 15: सम्पत्ति करको सम्भावना गणना ........ 36
तालिका 16: भूमिकर (मालपोत) राजस्व प्रक्षेपण ........ 37
तालिका 17: घरजग्गा बहाल करको सम्भावनाको गणना ........ 38
तालिका 18: घरजग्गा बहाल करको प्रक्षेपण ........ 38
तालिका 19: वार्षिक व्यवसाय कर (दर्ता तर्फ) को प्रक्षेपण (रकम रु.) ........ 39
तालिका 20: वार्षिक व्यवसाय कर (नवीकरण तर्फ) को प्रक्षेपण (रकम रु.) ........ 40
तालिका 21: साना सवारी साधन करको प्रक्षेपण ........ 41
तालिका 22: विज्ञापन करको प्रक्षेपण ........ 42
तालिका 23: कबाडी करको प्रक्षेपण ........ 42
तालिका 24: बहाल बिटौरीको प्रक्षेपण ........ 43
तालिका 25: राजस्व सुधार कार्ययोजना ........ 47
तालिका 26: गाउँपालिकाको आगामी ३ आर्थिक वर्षहरूको राजस्व प्रक्षेपण ........ 52
तालिका 27: रणनीति तथा कार्यनीतिहरु ........ 55
तालिका 28: अनुगमन योजना ........ 60

## अनुसूचीहरु

अनुसूची 1: तथ्याङ्क/सूचना संकलनका लागि प्रयोग गरिएको फारम तथा सूची ........ 68
अनुसूची 2: कार्यशालाका सहभागीहरुको विवरण ........ 88
अनुसूची 3: लक्षित समूह छलफल र समूह कार्यबाट पहिचान भएका सवाल तथा प्राप्त सुझावहरू ........ 90
अनुसूची 4: कार्यक्रमका तस्विरहरु ........ 94

## चित्र

चित्र 1: राजस्व प्रशासन चक्र र प्रक्रिया ........ 20

## मञ्जुषा

मञ्जुषा 1: जडिबुटी, कबाडी र जीव जन्तुकरको सम्बन्धमा भएको निर्णय ........ 27

# परिच्छेद एकः परिचय

## 1.1 पृष्ठभूमि

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहगरी तीन वटै तहमा राज्यशक्तिको बाँडफाँट गरेको छ। स्थानीय तहले आफुलाई प्राप्त कार्यजिम्मेवारी पुरा गर्न आवश्यक पर्ने वित्तीय स्रोतहरू विभिन्न माध्यमबाट परिचालन गर्दै आएका छन्। मुख्यतः स्थानीय तहलाई कर तथा गैरकर राजस्व सङ्कलन गर्ने सम्वन्धमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्पष्ट व्यवस्था गरेको छ। जसअनुसार, स्थानीय तहले तोकिएका क्षेत्र/स्रोतहरूबाट आन्तरीक राजस्व परिचालनका लागि कर तथा गैरकर लगाउन सक्दछन्। यसैगरी उनीहरूले नेपाल सरकार र प्रदेश सरकारबाट राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा समानीकरण अनुदान प्राप्त गर्दै आएका छन भने यसका अतिरिक्त सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदानहरू पनि प्राप्त गरेका छन्। स्थानीय तहले खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा विभिन्न किसिमका अनुदानहरू प्राप्त गर्ने संवैधानिक व्यवस्था रहेको छ। राजस्व अधिकार र अनुदान बाहेक स्थानीय तहले नेपालको संविधान र संघीय कानून बमोजिम राजस्व/रोयल्टी बाँडफाँट बापत रकम प्राप्त गर्न सक्ने र नेपाल सरकारको पूर्व स्वीकतिमा सम्भाव्यता अध्ययनका आधारमा उत्पादनमूलक, आयआर्जन र रोजगारी सिर्जना गर्ने क्षेत्रमा पूँजीगत लगानी गर्ने गरी आन्तरिक ऋण पनि लिन सक्ने कानूनी व्यवस्था छ।

यसै सन्दर्भमा परवानीपुर गाउँपालिकाको आन्तरिक आय परिचालनमा सुधार ल्याउनको लागि राजस्व सुधारका कृयाकलापहरू पहिचान गरी पहिचान गरिएका कृयाकलापहरूको कार्यान्वयनबाट आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी आर्थिक वर्षहरूमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वय, SDG Joint Fund अन्तरगत संयुक्त राष्ट्र संघीय पूँजी विकास कोष (UNCDF) को वित्तीय तथा प्राविधिक सहयोग र सुशासन तथा विकास अनुसन्धान केन्द्रको सहजीकरणमा यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको हो।

## 1.2 अध्ययनको उद्देश्य

यस अध्ययनको खास उद्देश्य परवानीपुर गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि राजस्व परिचालनको वर्तमान अवस्थाको पुनरावलोकन गरी सुधारका क्षेत्रहरूको पहिचान गर्नु र पहिचान भएका सुधारका क्षेत्रहरूको कार्यान्वयन रणनीति तय गर्नु (वार्षिक कार्यक्रम र योजनाले सम्बोधन गर्नु पर्ने) रहेको छ भने अन्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन्।

१. स्थानीय तहको राजस्व अधिकारका सम्वन्धमा जनप्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गरी राजस्व सुधार कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको पृष्ठभूमि तयार गर्नु।
२. राजस्व परिचालनका सन्दर्भमा विद्यमान नीति, संरचना तथा विगतको आय परिचालनको अवस्था विश्लेषण गर्नु।
३. राजस्व प्रशासनको संस्थागत अवस्था, विलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषणगर्नु।
४. गाउँपालिकाको आन्तरिक आयका आधार र दरको विश्लेषण गरी राजस्व प्रक्षेपण गर्नु।
५. गाउँपालिकाको राजस्व प्रशासन अवस्था विश्लेषण गरी आवश्यक सिफारिस गर्नु।
६. स्थानीय उद्यम, व्यवसाय लगायतका आर्थिक विकास क्रियाकलापहरूलाई करको दायरामा समेट्न आवश्यक मार्गदर्शन प्रदान गर्नु।
७. परवानीपुर गाउँपालिकाले अपनाउनु पर्ने राजस्व सुधार रणनीति सहितको राजस्व सुधार कार्य योजना तयार गर्नु।

## 1.3 अध्ययनको औचित्य

स्थानीय तहका निर्वाचित पदाधिकारीहरू, स्थानीय राजस्व परामर्श समितिका पदाधिकारीहरू, कार्यरत कर्मचारीहरू र सरोकार निकायका प्रतिनिधिहरूलाई स्थानीय तहको राजस्व अधिकार सम्बन्धी सैद्धान्तिक, कानूनी र व्यवहारिक पक्षका बारेमा जानकारी दिने, राजस्व परिचालनका क्षेत्रमा भएका वर्तमान अभ्यास, समस्याहरू र सवालहरूको पहिचान गर्ने र राजस्व प्रशासनलाई थप चुस्त र दुरुस्त राख्न गर्न पर्ने क्रियाकलापहरूको पहिचान गर्न यो राजस्व सुधार कार्ययोजना सहयोगी हुनेछ । यो अध्ययन आन्तरिक राजस्वको महत्व र करको दायरा वृद्धि गर्ने उपायहरूका बारेमा सबै सरोकारवालाहरूका वीचमा समान बुझाई स्थापित गर्न पनि उपयोगी हुनेछ ।

साथै, संघीय संसद, राष्ट्रिय सभा, संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको सिफारिसको बुँदा ५८ अनुसार स्थानीय तहले राजस्व सुधार कार्ययोजना बनाई आन्तरिक स्रोत परिचालनलाई प्राथमिकतामा राखी कार्य गर्नु पर्ने कुरामा जोड दिएकोले यो कार्यक्रमले उक्त सिफारिसको समेत परिपालना भएको हुनेछ ।

## 1.4 अध्ययनको विधि तथा क्षेत्र

राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने सिलसिलामा निम्नानुसारको विधि तथा प्रक्रियाहरू अनुसरण गरिएको छ ।

**(क) सन्दर्भ सामग्रीको अध्ययन तथा पुनरावलोकन**

राजस्व सुधार कार्ययोजना तर्जुमाको सिलसिलामा सर्वप्रथम आवश्यक सन्दर्भ सामग्रीहरू जस्तै नेपालको संविधान, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार ऐन, २०७४ नेपाल सरकारको वार्षिक वजेट वक्तब्य र आर्थिक ऐनहरू, केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, परवानीपुर गाउँपालिकाको वस्तुगत विवरण, २०७५ (प्रोफाईल), एकिकृत आर्थिक सकेत तथा वर्गीकरण र व्याख्या, २०७४, स्थानीय तहको वार्षिक कार्यक्रत तथा बजेट, स्थानीय राजस्व परामर्श समितिले गरेका नीतिगत निर्णयहरू आदिको अध्ययन तथा पुनरावलोकन गरी स्थानीय तहको राजस्व अधिकार, हालको अभ्यास र सुधार गर्नु पर्ने क्षेत्रहरूको पहिचान गरिएको छ ।

**(ख) तथ्याङ्क तथा सूचना सङ्कलन**

राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि आवश्यक पर्ने सूचना सङ्कलन फारम तयार गरिएको हो । निर्दिष्ट चेकलिष्ट/ प्रश्नावलीको प्रयोग गरी स्थानीय तहबाट वित्तीय लगायत अन्य आवश्यक सूचनाहरू सङ्कलन गरिएको थियो । सूचना सङ्कलनको प्रयोजनका लागि प्रयोग गरिएको चेकलिष्ट प्रतिवेदनको **अनुसूची १** मा उल्लेख गरिएको छ ।

**(१) मूख्य सूचनादाता अन्तरवार्ता**

निर्दिष्ट तथा खुल्ला प्रश्नावलीको आधारमा परवानीपुर गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा प्रमुख, लेखा शाखा प्रमुख, वडा अध्यक्षहरू, उद्योग व्यवसायी आदिसँग छलफल गरी राजस्व परिचालनको वर्तमान अवस्था र भावी सुधारका क्षेत्रहरू पहिचान गर्ने प्रयास गरिएको छ ।

**(२) लक्षित समूह छलफल**

मुख्यतः स्थानीय तहको राजस्व नीति, कार्यक्रम र भविष्यमा गर्नु पर्ने सुधारका क्षेत्रहरू पहिचान गर्ने उद्देश्यले करदाताहरूको निश्चित समूह पहिचान गरी उनीहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम आयोजना गरिएको थियो । यस किसिमको लक्षित समूह छलफल तथा अन्तरक्रियाबाट परवानीपुर गाउँपालिका करदाता बीचमा सम्बन्ध, सहकार्य तथा असन्तुष्टीहरू

उजागर हुन सकेको थियो। यसबाट राजस्व सुधार कार्ययोजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने क्षेत्रहरूको पहिचान गर्न सहयोग पुगेको थियो। लक्षित छलफल कार्यबाट पहिचान भएका सवालहरु र प्राप्त सुझावहरु **अनुसूची ३** मा प्रस्तुत गरिएको छ।

### (३) द्वितीय सूचना तथा तथ्याङ्क सङ्कलन

परवानीपुर गाउँपालिकाको प्रारम्भिक कार्यशाला अगावै आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन गरी कार्यशालालाई थप प्रभावकारी बनाइएको थियो। राजस्व सुधार कार्य योजना तर्जुमाको क्रममा निम्नानुसारका मूख्य क्षेत्रहरूका आधारमा आवश्यक सूचना सङ्कलन गरिएको थियो।

- राजस्व प्रशासनको वर्तमान अवस्था,
- राजस्व परिचालनका लागि अवलम्बन गरिएका नीतिगत व्यवस्थाहरू,
- कम्तीमा विगत तीन आर्थिक वर्षहरूको अनुमानित तथा यथार्थ आय विवरण,
- आन्तरिक आयका स्रोत, आधार क्षेत्रतथा दर सम्बन्धी विस्तृत विवरण,
- आन्तरिक आय सङ्कलनको सम्भावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना
- राजस्व सुधारका लागि गर्नुपर्ने कार्यहरू तथा सोको जिम्मेवारी आदि।

### (ग) अभिमुखीकरण कार्यशाला तथा समूह छलफल

आवश्यक सामग्रीहरूको अध्ययनका आधारमा स्थानीय तहका निर्वाचित जनप्रनिधिहरू (कार्यपालिकाका सदस्यहरू), स्थानीय राजस्व पराशर्म समितिका पदाधिकारीहरू, कर्मचारीहरू, नीजि क्षेत्र र नागरिक समाजका प्रतिनिधिहरूको सहभागितामा आयोजना गरिएको अभिमुखीकरण कार्यशालाका लागि आवश्यक प्रस्तुतीकरण सामग्री तयार गरिएको थियो। यसरी तयार गरिएको अभिमुखीकरण सामग्रीहरूमा मुख्यतः वित्तीय विकेन्द्रीकरण (कर राजस्व) सम्बन्धी सैद्धान्तिक पक्ष र यसको अभ्यास, नेपालमा स्थानीयतहको वित्तीय अधिकार र यसको प्रयोगको अवस्थाहरू समेटिएको थियो। यसको मुख्य उद्देश्य भनेको कार्यशालाका सहभागीहरूलाई संघीय, प्रदेश र स्थानीयतहको एकल तथा साझा राजस्व अधिकार सम्बन्धी सैद्धान्तिक तथा कानूनी विषयको बारेमा साझा बुझाई निर्माण गर्नु रहेको थियो। समूह कार्यबाट पहिचान भएका सवालहरु र प्राप्त सुझावहरु **अनुसूची ३** मा प्रस्तुत गरिएको छ।

पहिलो दिनको अभिमुखीकरण कार्यशाला सम्पन्न भएपछि दोश्रो दिन सहभागीहरूलाई निम्न चार समूहमा विभाजन गरी तोकिएको विषयवस्तु माथि छलफल गराईएको थियो।

**समूह एकः** सम्पत्ति कर, मालपोत/भूमिकर, घरजग्गा वहाल कर,

**समूह दुईः** व्यवसाय कर, विज्ञापन कर र मनोरञ्जन कर,

**समूह तीनः** नक्सापास दस्तुर, सिफारिस दस्तुर, सेवा शुल्क, पूर्वाधार सेवा शुल्क, दण्ड जरिवाना, पार्किङ्ग शुल्क, फोहोरमैला व्यवस्थापन शुल्क आदि ,

**समूह चारः** ढुङ्गा, गिट्टी, वालुवा, दहत्तर बहत्तर, सामुदायिक वन, जडिबुटी, कवाडी, जीवजन्तु

समूह छलफल कार्य अन्तरगत कर र गैरकरहरूका सम्बन्धमा निम्नानुसारका विषयमा सवालहरू पहिचान गरिएको थियो।

(क) दर, दायरा र कार्यान्वयनको अवस्था,
(ख) सवाल तथा त्यसका समाधानका उपायहरू,
(ग) सुधारको लागि गर्नु पर्ने कार्यहरू (के, कति, कहिले, कसले, र अनुमानित खर्च सहित)।

- दर तथा दायराको सम्बन्धमा गर्नुपर्ने कार्यहरू
- नीतिगत वा कानूनी सुधारको लागि गर्नुपर्ने कार्यहरू,
- राजस्व प्रशासनमा सुधार गर्नु पर्ने कार्यहरू।

हरेक समूहमा छलफललाई प्रभावकारी बनाउन र छलफलमा उठेका सवालहरूलाई टिपोट गर्ने उद्देश्यले एकजना टोली नेता र एक जना टिपोटकर्ताको चयन गरिएको थियो। यसरी सहभागीहरूलाई विभिन्न समूहमा विभाजन गरी समूह कार्यको बारेमा सम्लग्न सहजकर्ताहरूबाट सहजीकरण गरी समुहकार्य गर्न लगाइएको थियो। समुह कार्य सम्पन्न भएपछि प्रत्येक समूहले पूर्ण बैठकमा आ–आफ्नो समूहको तर्फबाट प्रस्तुतीकरण गरी पूर्ण बैठकबाट प्राप्त सुझाव तथा सवालहरूलाई समेत समावेश गरिएको थियो।

**(घ) कार्यशालाका सहभागीहरू**

अभिमूखीकरण तथा समूहकार्य गरी दुई दिन सञ्चालन भएको कार्यशालामा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरू, गाउँकार्यपालिकाका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा, लेखा शाखा, जिन्सी शाखा लगायतका शाखा प्रमुखहरू तथा अन्य कर्मचारीहरूको उपस्थिति रहेको थियो। कार्यक्रमका सहभागीहरू विवरण **अनुसूची २** र कार्यक्रमसँग सम्बन्धित तस्विरहरू **अनुसूची** ४ मा रहेको छ।

**(ङ) राजस्व प्रक्षेपण विधिः**

राजस्व सुधार कार्ययोजना तयारी पश्चात सोको कार्यान्वयनबाट स्थानीयतहको राजस्व सङ्कलनमा पर्ने प्रभावको समेत विश्लेषण गरी भविष्यको लागि प्राप्तहुने राजस्वको प्रक्षेपण गरिएको छ। राजस्व प्रक्षेपणको लागि निम्न विधिहरूलाई प्रयोग गरी राजस्वका स्रोतको उपलब्ध सूचनाको आधारमा प्रयोगमा ल्याइएको छः

१. **तथ्यांकीय आधारः** करदाताको संख्या, करको दर तथा विद्यमान दायराको अवस्था सम्बन्धी सूचना उपलब्ध भएका व्यवसाय कर, घरजग्गा सम्पत्ति, मालपोत आदिका लागि यो विधि प्रयोग गरी राजस्व प्रक्षेपण गरिएको छ।

२. **विगतको राजस्व वृद्धिदरको आधारः** करदाता संख्या सम्बन्धी सूचना प्राप्त हुन नसक्ने र समयानुकुल दर परिमार्जन हुँदै आएका स्रोतहरू जस्तै गाउँपालिकाले प्रदान गर्ने सिफारिस प्रमाणितमा लिइने शुल्क वा दस्तुरको प्रक्षेपणका लागि यस विधिको प्रयोग गरिएको छ। यो विधिका लागि निम्नानुसारको सूत्र प्रयोग गरिएको छ।

$$CAGR = \left(\frac{Ending\ year's\ revenue}{Starting\ year's\ revenue}\right)^{1/t} - 1 \times 100$$

| |
|---|
| CAGR = Compound Annual Growth Rate |
| Ending Year's Revenue = अन्तिम वर्षको यथार्थ आन्तरिक आय (रकम) |
| Starting Year's Revenue = पहिलो वर्षको यथार्थ आन्तरिक आय (रकम) |
| t = Time Period in Fiscal Year |

३. **संझौताको आधारः** आम्दानी प्राप्त हुने गरी विगतमा संझौता भएका शीर्षकहरू जस्तै नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा), वहाल विटौरी, पोखरी ठेक्का लगायत अन्य ठेक्काहरू र आन्तरिक ऋण आदिलाई यस विधिको प्रयोग गरी राजस्व प्रक्षेपण गरिएको छ।

४. **लमसम वृद्धिदरः** स्थानीय तहको नियन्त्रणमा नभएका र संझौता पनि नभएका स्रोतहरूबाट प्राप्तहुने आय अनुमानको लागि यो विधि प्रयोग गरिएको छ। सन् १९६५ देखि २०२१ सम्मको नेपालको औषत मुद्रास्फिति दर

८ प्रतिशत रहेको अनुमान छ (https://www.google.com/search)। तथापि, मुल्यवृद्धि तथा जनसंख्या वृद्धिको योग सामान्यतः करिव १० प्रतिशत हुने अनुमानको आधारमा नेपाल सरकार, प्रदेश सरकार तथा अन्य संघ संस्थाबाट गत वर्ष प्राप्त आयमा सोही अनुपातमा वृद्धिहुने अनुमान गरी राजस्व प्रक्षेपण गरिएको छ।

५. **अनुमानः** कुनै आय स्रोत सम्बन्धी सूचना नभएको र गाउँपालिकाको लागि विल्कुलै नयाँ स्रोत भएमा अनुमति दस्तुर लगायतका शीर्षकहरूमा अनुमानको आधारमा राजस्व प्रक्षेपण गरिएको छ। यस्तो अनुमान स्थलगत अवलोकन र छलफल र मूख्य सूचनादाताबाट प्राप्त जानकारीको आधामा गरिएको छ।

६. **शुन्य प्रक्षेपणः** विगत वर्षहरूमा राजस्व नउठेका र भविष्यमा पनि राजस्व उठ्न सक्ने सम्भावना न्यून भएका स्रोतहरूको राजस्वमा शुन्य प्रक्षेपण गरिएको छ।

**(च) प्रतिवेदन तयारी**

**मस्यौदा प्रतिवेदन तयारी**

गाउँपालिकामा २०७९ मंसिर २९ तथा पुष १ मा सञ्चालित अभिमूखीकरण तथा कार्यशाला, विभिन्न व्यक्तिहरूसँग गरिएको छलफल/अन्तरक्रिया, मुख्य सूचनादाता अन्तरवार्ता, लक्षित समूह छलफल एवम् गाउँपालिका कार्यालय तथा गाउँपालिकाको वेवसाईटबाट प्राप्त सूचना तथा जानकारीको आधारमा राजस्व सुधार कार्य योजनाको मस्यौदा तयार गरिएको थियो। प्रतिवेदन तयार गर्ने क्रममा अन्य सान्दर्भिक सामग्रीहरूको समेत सहयोग लिइएको थियो।

**मस्यौदा प्रतिवेदनबारे सुझाव सङ्कलन**

यसरी तयार गरिएको प्रतिवेदन माथि सुझाव सङ्कलन गर्न मस्यौदा प्रतिवेदन युएनसिडि तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाई सुझाव सङ्कलन गरिएको थियो। मिति २०७९ फागुन ४ गते सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश स्थानीय सहयोग कार्यक्रम, युएनसिडिएफको सहितको समिक्षा बैठक आयोजना गरी राजस्व सुधार कार्ययोजना तयारी कार्यको स्थलगत अनुभव आदान प्रदान गर्ने तथा राजस्व सुधार कार्ययोजनाको बारे सुझाव सङ्कलन गर्ने कार्य गरिएको थियो।

## 1.5 अध्ययनको सीमा

परवानीपुर गाउँपालिकाले उपलब्ध गराएको सूचना तथा तथ्याङ्क, मुख्य सूचनादाता अन्तरर्वार्ता र लक्षित समुह, कार्यशाला तथा छलफलबाट प्राप्त सुझावहरूमा आधारित भएर यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ। गाउँपालिकाको राजस्व सम्बन्धी लामो अवधीको तथ्याङ्क उपलब्ध हुन नसकेको कारण गाउँपालिकाको Time Serios राजस्वमा आाधारित भई Regression Analysis गरी राजस्व प्रक्षेपण गर्न सकिएको छैन। गाउँपालिकाबाट प्राप्त दुई आर्थिक वर्षको वित्तीय विवरणको शिर्षकगत औसत वृद्धि Compound Annual Growth Rate (CAGR) भरपर्दो नदेखिएकोले यस विधिको पनि प्रयोग गरिएको छैन। प्रक्षेपणको शीर्षकगत आधारहरू प्रक्षेपण तालिका (**तालिका** 26) मा नै प्रस्तुत गरिएको छ।

# परिच्छेद दुईः गाउँपालिकाको संक्षिप्त परिचय

यस परिच्छेदमा गाउँपालिकाको संक्षिप्त जानकारी, मुख्य आर्थिक गतिविधिहरू र भौतिक पूर्वाधारको अवस्था, गाउँपालिकाको संगठन ढाँचा र राजस्व प्रशासन, राजस्व परिचालनको सम्भावनाको अवस्थाका आदिका बारेमा संक्षेपमा चर्चा गरिएको छ।

## 2.1 गाउँपालिकाको परिचय



प्रदेश २ अन्तरगत बारा जिल्लाको १६ वटा गाउँपालिका तथा नगरपालिकाहरू मध्ये परवानीपुर गाउँपालिका एक हो । यो गाउँपालिका देशकै सबैभन्दा सानो गाउँपालिका हो।यसको क्षेत्रफल १५.४८ वर्ग कि.मी. रहेको छ। २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार यस गाउँपालिकामा २९७५ घरधुरी र ३६६४ घरपरिवार रहेका छन्। ति ३६६४ घरपरिवारमा गाउँपालिकामा २२४६६ (११७६७ पुरुष र १०६९९ महिला) मानिस बसोबास गर्दछन्। यस गाउँपालिकामा जम्मा ५ वटा वडाहरू रहेका छन् । साविकका बहुवारी, लिपनीमाल, रामपुर, टोकनी र बुनियाद गा.वि.स.हरू मिलाई यस गाउँपालिकाको गठन गरिएको हो। यसको पूर्व र दक्षिणमा प्रसौनी गाउँपालिका पश्चिममा वीरगञ्ज महानगरपालिका र उत्तरमा जितपुर सिमरा उपमहानगरपालिका रहेको छ। २०६८ जनगणनाको प्रतिवेदन अनुसार जनसंख्याको अवस्था **तालिका** 1 मा प्रस्तुत गरिएको छ भने जन गणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार यस गाउँपालिकाको जनसंख्या

**तालिका 1: गाउँपालिकाको जनसंख्याको अवस्था**

| वडा नं. | घर परिवार संख्या | जम्मा जनसंख्या | महिला | पुरुष |
|---|---|---|---|---|
| 1 | 782 | 5,651 | 2,976 | 2,675 |
| 2 | 623 | 4,290 | 2,220 | 2,070 |
| 3 | 608 | 4,177 | 2,216 | 1,961 |
| 4 | 507 | 3,704 | 1,928 | 1,776 |
| 5 | 646 | 4,965 | 2,574 | 2,391 |
| **जम्मा** | 3,166 | 22,787 | 11,914 | 10,873 |

*स्रोत: राष्ट्रिय तथ्याङ्क विभाग, २०६८*

दुईवटा जनगणनाको प्रतिवेदनहरूलाई तुलना गर्दा यस गाउँपालिकाको जनसंख्याको वृद्धिदर स्थिर रहेको पाईन्छ।

## 2.2 गाउँपालिकाको मानव संसाधनको अवस्था

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यस गाउँपालिकालाई उपलब्ध गराएको गाउँ कार्यपालिकाको कार्यालयको दरबन्दी तेरिज यस प्रकार रहेको छ।

**तालिका 2: गाउँ कार्यपालिकाको कार्यालयको दरबन्दी तेरिज**

| क्र. सं. | पद | तह | सेवा | समूह | उपसमूह | स्विकृत दरवन्दी | अन्य सेवाबाट समायोजन हुने दरबन्दी | बाँकी दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशाकीय अधिकृत | ८ औं | प्रशासन | सामान्य प्रशासन | | १ | | | |
| २ | ईन्जीनियर | ७/८ औं | ईन्जि. | सिभिल | | १ | | १ | |
| ३ | अधिकृत | ७/८ औं | शिक्षा | शि. प्र. | | १ | | १ | |
| ४ | अधिकृत | ७/८ औं | प्रशासन | लेखा | | १ | | १ | |
| ५ | अधिकृत | ६ औं | प्रशासन | सा. प्र. | | २ | | २ | |
| ६ | आन्तरिक लेखापरीक्षक | ५ औं | प्रशासन | लेखा | | १ | | १ | |
| ७ | सहायक | ५ औं | प्रशासन | सा. प्र. | | ४ | | ४ | |
| ८ | कम्प्युटर | ५ औं | विविध | | | १ | | १ | |
| ९ | लेखा सहायक | ५ औं | प्रशासन | लेखा | | १ | | १ | |
| १० | प्रा. स. | ५ औं | शिक्षा | शि. प्र. | | १ | | १ | |
| ११ | हे. अ. | ५/६ औं | स्वास्थ्य | हे. ई. | | १ | | १ | |
| १२ | सब ईन्जीनियर | ५ औं | ईन्जि | सिभिल | | १ | | १ | |
| १३ | अ सब ईन्जीनियर | चौथो | ईन्जि | सिभिल | | १ | | १ | |
| १४ | सहायक महिला विकास नीरिक्षक | चौथो | विविध | | | १ | | १ | |
| १५ | खा. पा. स. से. | चौथो/पाँचौ | ईन्जि | सिभिल | स्यानिटरी | १ | | १ | |
| **कार्यालय तर्फ जम्मा** | | | | | | १९ | | १८ | |

*स्रोत: परवानीपुर गाउँ कार्यपालिकाको कार्यालय, २०७९*

परवानी गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार परवानीपुर गाउँ कार्यपालिकाको कार्यालय र अन्तरगतका निकायहरूको प्रस्तावित दरबन्दी तेरिज **तालिका** 3 मा प्रस्तुत गरिएको छ।

**तालिका 3: गाउँ कार्यपालिका कार्यालयको दरबन्दी तेरिज (सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार)**

| क्र. सं. | पद | तह/श्रेणी | सेवा | समूह | उपसमूह | मौजुदा दरवन्दी | प्रस्तावित दरवन्दी | | कुल कायम हुने दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | थप | घट | | |
| १ | प्रमुख प्रशाकीय अधिकृत | रा. प. तृतिय | प्रशासन | सामान्य प्रशासन | | १ | | | १ | संघको दरवन्दी |
| २ | ईन्जीनियर | ६/७ औं | ईन्जि. | सिभिल | | १ | ० | ० | १ | |
| ३ | अधिकृत | ६/७ औं | शिक्षा | शि. प्र. | | १ | ० | ० | १ | |
| ४ | अधिकृत | ६/७ औं | प्रशासन | लेखा | | १ | ० | ० | १ | |
| ५ | अधिकृत | ६/७ औं | प्रशासन | सा. प्र. | | २ | ० | ० | २ | |
| ६ | सूचना प्रविधि अधिकृत | ६/७ औं | विविध | | | ० | १ | ० | १ | |
| ७ | आन्तरिक लेखापरीक्षक | ५ औं | प्रशासन | लेखा | | १ | ० | ० | १ | |
| ८ | सहायक | ४/५ औं | प्रशासन | सा. प्र. | | ४ | २ | ० | ६ | |
| ९ | स. कम्प्युटर अपरेटर | ४/५ औं | विविध | | | १ | २ | ० | ३ | |
| १० | वातावरण नीरिक्षक | ५ औं | विविध | | | ० | १ | ० | १ | |

| क्र. सं. | पद | तह/श्रेणी | सेवा | समूह | उपसमूह | मौजुदा दरवन्दी | प्रस्तावित दरवन्दी | | कुल कायम हुने दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | थप | घट | | |
| ११ | लेखा सहायक | ४/५ औं | प्रशासन | लेखा | | १ | १ | ० | २ | |
| १२ | प्रा. स. | ५ औं | शिक्षा | शि. प्र. | | १ | ० | ० | १ | |
| १३ | ज.स्वा.नि./सिनियर अहेव/हेअ | ६ औं | स्वास्थ्य | हे ई | | १ | ० | ० | १ | |
| १४ | सि अ न मि | ५ औं | स्वास्थ्य | नर्सिङ | | ० | १ | ० | १ | |
| १५ | सहायक | ५ औं | न्याय | कानून | | ० | १ | ० | १ | |
| १६ | सि अ हे व | ५ औं | स्वास्थ्य | हे ई | | ० | १ | ० | १ | |
| १७ | सब ईन्जीनियर | ५ औं | ईन्जि | सिभिल | | १ | २ | ० | ३ | |
| १८ | अ सब ईन्जीनियर | ४ औं | ईन्जि | सिभिल | | १ | ० | १ | ० | |
| १९ | सहायक महिला विकास नीरिक्षक | ४ औं | विविध | | | १ | ० | ० | १ | |
| २० | खा. पा. स. टे. | ४/५ औं | ईन्जि | सिभिल | स्यानिटरी | १ | ० | ० | १ | |
| २१ | अमिन | ४ औं | ईन्जि | सर्भे | | ० | १ | ० | १ | |
| २२ | हेभि सवारी चालक | | | | | ० | २ | ० | २ | करार |
| २३ | हल्का सवारी चालक | | | | | ० | ३ | ० | ३ | करार |
| २४ | कार्यालय सहयोगी | | | | | ० | ७ | ० | ७ | करार |
| २५ | पाले | | | | | ० | २ | ० | २ | करार |
| २६ | माली | | | | | ० | २ | ० | २ | करार |
| | | | | | **कार्यालय तर्फ जम्मा** | १९ | २९ | १ | ४७ | |
| | | | | | **वडा कार्यालय तर्फ (पाँच वटा)** | | | | | |
| १ | सहायक | ४/५ औं | प्रशासन | सा. प्र. | | ५ | ० | ० | ५ | |
| २ | अ सब ईन्जीनियर | ४/५ औं | ईन्जि | सिभिल | | ५ | ० | ० | ५ | |
| ३ | स. कम्प्युटर अपरेटर | ४ औं | विविध | | | ० | ५ | ० | ५ | करार |
| ४ | कार्यालय सहयोगी | | | | | ० | ५ | ० | ५ | करार |
| | | | | | **वडा कार्यालय तर्फ जम्मा** | १० | १० | ० | २० | |
| | | | | | **कुल जम्मा** | २९ | ३९ | १ | ६७ | |

*स्रोतः परवानीपुर गाउँ कार्यपालिकाको कार्यालय, २०७९*

## 2.3 गाउँपालिकाको मुख्य पूर्वाधारको अवस्था

परवानीपुर गाउँपालिका विस्तारै सहरीकरण तथा औद्योगीकरण तर्फ लम्केको गाउँपालिका हो । यहाँ अहिलेसम्म पक्की भन्दा कच्ची घरहरूको संख्या बढि रहेको छ । नेपाल सरकारले नयाँ मापदण्ड जारी गरेपछि गाउँपालिकाले भवनको मापदण्ड अनुसार स्विकृति दिने गरेको छ । वर्षेनी नयाँ घर तथा व्यवसायिक भवन निर्माण हुने क्रम बढ्दै गएको यस गाउँपालिकामा राजमार्ग वरपर सहर उन्मुख क्षेत्रहरूमा पक्की घरहरू बढि देखिन्छ भने ग्रामीण क्षेत्रहरूमा ढुंगा माटोको घर निर्माणको प्रचलन कायमै छ (मध्यकालिन खर्च संरचना आ. व. २०७९/८०-२०८१/८२) ।

**मुख्य मुख्य सडक सञ्जाल**

गाउँपालिका क्षेत्र भित्र करिव ६० किमि लामो सडक सञ्जाल रहेको छ । गाउँपालिकाको सबै वडाहरूमा सडक सञ्जाल पुगेको छ । राजमार्ग आसपासका क्षेत्रहरूमा सार्वजनिक बस तथा रिक्सा, अटो तथा अन्य सवारी साधनको संख्या बढ्दै गए

पनि ति साधनको लागि आवश्यक बसपार्क तथा निजी तथा साना सार्वजनिक गाडिहरूको लागि राजमार्ग बाहेक अन्य स्थानमा पार्किङ स्थलहरू अभाव छन् (मध्यकालिन खर्च संरचना आ. व. २०७९/८०-२०८१/८२)।

**संचार तथा प्रविधि**

गाउँपालिका तथा यस अन्तर्गतका सबै कार्यालयहरुको आधुनिक सूचना तथा सञ्चार सुविधमा पहुँच रहेको छ। इन्टरनेट सुविधको सन्दर्भमा नेपाल दूरसञ्चार कम्पनीका साथै एनसेलका टेलिफोन तथा मोबाइल सेवाको सहज पहुँच रहेको छ। गाउँपालिका वासीहरुमा इन्टरनेटको उपयोग विस्तार भइसकेको छ। गाउँपालिकामा ९० प्रतिशत भन्दा बढी घरधुरीले मोबाइल फोन प्रयोग गर्ने गरेका छन्। गाउँपालिकाले आफ्नो आधिकारिक वेभसाइट मार्फत नियमित रुपमा सूचना सम्प्रेषण गर्दै आएको छ। अन्य सेवाको अतिरिक्त राजस्व एवं लेखा प्रणालीमा अनलाइन सफ्टवेयरको प्रयोग हुँदै आएको छ (मध्यकालिन खर्च संरचना आ. व. २०७९/८०-२०८१/८२)।

## 2.4 गाउँपालिका भित्र भएका आर्थिक गतिविधिहरू

यो गाउँपालिका सिमरा विरगञ्ज औद्योगिक करिडोरमा अवस्थित छ। त्यसैले यहाँ ठूला ठूला उद्योगहरू स्थापना हुने क्रम जारी छ। सिमेन्ट उद्योग, राईस मिल, घिउ तेल उत्पादन गर्ने उद्योगहरू स्थापना भई सञ्चालनमा आएका छन्। तथापी यहाँका अधिकांश मानिसहरूको जीविकोपार्जनको मूख्य आधार भनेको कृषि तथा पशुपालन नै रहेको छ। गाउँपालिकाको वस्तुगत विवरण, २०७५ अनुसार यस गाउँपालिकामा रहेका ३१६६ घरपरिवार मध्ये १२९२ घरपरिवारको आफ्नै नाममा घरजग्गा रहेको छ र तिनीहरूको नाममा जम्मा १५,८०५ कट्ठा जमिन रहेको विवरणमा उल्लेख छ। यस गाउँपालिकामा मानिसहरूको पेशा सम्बन्धी विवरण **तालिका** 4 मा प्रस्तुत गरिएको छ।

**तालिका** 4: **प्रमुख पेशा अनुसार जनसंख्या**

| वडा नं. | कृषि तथा पशुपालन | नोकरी | उद्योग तथा व्यापार | ज्याला मजदुरी |
|---|---|---|---|---|
| १ | ५३४ | १६९ | २७६ | ६६३ |
| २ | ४३३ | ३९५ | १३२ | १०३५ |
| ३ | ४६७ | २८८ | ६७ | ४०३ |
| ४ | २८९ | २८४ | २५३ | ३७९ |
| ५ | १०२ | २२१ | ११२ | ५४७ |
| **जम्मा** | **१८२५** | **१३५७** | **८४०** | **३०२७** |

*स्रोतः परवानीपुर गाउँपालिकाको वस्तुगत विवरण, २०७५*

माथिको विवरणले यस गाउँपालिकामा ८४० जना व्यक्तिहरू विभिन्न प्रकारका उद्योग व्यवसायमा संलग्न भएको देखिन्छ। केन्द्रीय तथ्याङ्क विभागले सन् २०१८ मा गरेको आर्थिक गणना अनुसार यस परवानीपुर गाउँपालिकामा भएका उद्योग व्यवसायहरू र तिनमा संलग्न व्यक्तिहरूको विवरण **तालिका** 5 र **तालिका** 6 मा दिईएको छ। विवरण अनुसार यस गाउँपालिका भित्र ५ सय २३ वटा व्यवसायिक संस्थाहरू रहेको र ति व्यवसायिक संस्थाहरूमा ३ हजार २ सय ५७ जना व्यक्तिहरू प्रत्यक्ष रुपमा संलग्न भएको देखिन्छ।

**तालिका** 5: **गाउँपालिकामा रहेका व्यवसायहरू र संलग्न हुनेहरूको विवरण (क)**

| जम्मा | कृषि, वन र माछापालन | उत्पादनमुलक | खानी, विद्दुत, ग्यास, पानी आपूर्ति र निर्माण | थोक तथा खुद्रा व्यापार, गाडि तथा | यातायात, भण्डारण, सूचना संचार |
|---|---|---|---|---|---|

| | | | | | | | | मोटर साईकल मर्मत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **व्यवसाय को संख्या** | **संलग्न व्यक्ति को संख्या** | व्यवसाय को संख्या | संलग्न व्यक्ति को संख्या | व्यवसाय को संख्या | संलग्न व्यक्ति को संख्या | व्यवसाय को संख्या | संलग्न व्यक्ति को संख्या | व्यवसाय को संख्या | संलग्न व्यक्ति को संख्या | व्यवसाय को संख्या | संलग्न व्यक्ति को संख्या |
| ५२३ | ३२५७ | ५ | ४८ | ८९ | १५२४ | १ | ६ | ३१० | ६३२ | ९ | ८१ |

**तालिका 6: गाउँपालिकामा रहेका व्यवसायहरू र संलग्न हुनेहरूको विवरण (ख)**

| **बास तथा खाना सम्बन्धी क्रियाकलाप** | | **वित्तीय र विमा क्रियाकलाप** | | **शिक्षा** | | **मानव स्वास्थ्य र सामाजिक कार्य** | | **रियल स्टेट, व्यवसायिक व्यक्तिहरू, वैज्ञानिक, प्रशासनिक, कला, मनोरञ्जन र अन्य** | |
|---|---|---|---|---|---|---|---|---|---|
| व्यवसायको संख्या | संलग्न व्यक्तिको संख्या | व्यवसायको संख्या | संलग्न व्यक्तिको संख्या | व्यवसायको संख्या | संलग्न व्यक्तिको संख्या | व्यवसायको संख्या | संलग्न व्यक्तिको संख्या | व्यवसायको संख्या | संलग्न व्यक्तिको संख्या |
| ४५ | ९७ | १० | २८० | १६ | ३७५ | ५ | १३८ | ३३ | ७६ |

स्रोतः *National Economic Census 2018, CBS Nepal*

## 2.5 राजस्व प्रशासन चक्र र प्रक्रिया

गाउँपालिका अन्तरगत राजस्व शाखा रहेको छ। गाउँपालिकामा एक जना र प्रत्येक वडामा एक/एक जना कर्मचारीलाई राजस्व सम्बन्धी जिम्मेवारी दिईएको छ। वडा कार्यालयहरूबाट राजस्व सङ्कलन गर्ने कार्य प्रारम्भ भएको छ।

सक्षम तथा प्रभावकारी राजस्व प्रशासन कुनैपनि सरकाको राजस्व परिचालनको एउटा प्रमुख आधार हो। राजस्व प्रशासनको एउटा निश्चित चक्र तथा प्रक्रिया हुन्छ।यसको अवलम्बनबाट सरकारको राजस्व परिचालनको सुधारमा योगदान पुग्दछ। प्रभावकारी राजस्व परिचालनका लगि अवलम्बन गरिनु पर्ने राजस्व प्रशासनको चक्र तथा प्रक्रियाको ढाँचा तल **चित्र** 1 मा प्रस्तुत गरिएको छ।

**चित्र 1: राजस्व प्रशासन चक्र र प्रक्रिया**

**नीति तथा कार्यविधिहरुको निर्माण**

- नियमावली तथा निर्णयहरुको निर्माण र खारेजी/संसोधन
- करहरुको ढाँचा तथा दरहरूको निर्धारण तथा अनुमोदन
- संकलन प्रणालीको निर्माण तथा खर्चको व्यवस्था

**करदाताहरुको गणना र दर्ता**

- राजश्वको नक्सांकन, करदाताहरुको पहिचान तथा लगत तयारी
- करदातालाई उपलब्ध गराइएको फारममा आम्दानीको स्रोतको अभिलेखीकरण

**राजस्वको बारेमा जानकारी, प्रचार प्रसार र करको अनुमान**

- करयोग्य करको निर्धारण
- सार्वजनिक छलफल तथा चेतनामुलक गोष्ठीहरुको आयोजना
- आम सञ्चारको माध्यमबाट प्रचार र छलफल कार्यक्रमको आयोजना

**कर संकलन तथा करदाताहरुसँगको सम्बन्ध निर्माण**

- तिरेको करको बिल बनाउने तथा वितरण
- कर चुक्ता विधि तथा प्रणालीको प्रचार प्रसार

**अनुगमन तथा कार्यान्वयन**

- बिल काटेको तथा कर संकलन गरेको सुनिश्चित गर्ने
- समयमा कर नतिर्नेहरुलाई कारबाही तथा दण्ड जरिवानाको अनुगमन
- अदालति प्रक्रिया र कार्यान्वयन
- आन्तरिक राजस्वको लेखा परीक्षण गर्ने

**अभिलेखीकरण तथा उत्तरदायित्व बहन**

- नगरपालिकाले प्रदान गर्ने सेवालाई राजस्वसँग जोड्ने
- राजश्वको संकलन तथा उपयोगको सार्वजनीकरण गर्ने
- करको किसिम र स्थानको आधारमा राजश्वको प्रतिवेदन नियमित रुपमा प्रकाशन गर्ने ।

# परिच्छेद तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

## 3.1 पृष्ठभूमि

सम्पत्तिमा आधारित, आम्दानीमा आधारित र वस्तु वा सेवामा आधारित गरी स्थानीय करका आधारहरु मुख्यतः तीन किसिमको हुन्छ । मालपोत तथा घरजग्गा कर सम्पत्ति आर्जन गरेको आधारमा उक्त सम्पत्तिको स्वामित्व ग्रहण गर्नेले नियमानुसार गाउँपालिकालाई सम्पत्ति कर तिर्नु पर्दछ । यसैगरी गाउँपालिकाले नियमानुसार घरजग्गा वहाल कर लगाउँदै आएको छ । घरजग्गा वहाल लगाई आम्दानी गर्ने करदाताले गाउँपालिकालाई आम्दानी गरेको आधारमा वहाल कर तिर्नु पर्दछ । यसैगरी, मनोरञ्जन कर, विज्ञापन कर सवारी साधन कर र व्यवसाय करहरु वस्तु तथा सेवामा आधारित हुने गर्दछ । यस्ता वस्तुहरुको सेवा लिए वापत सेवाग्राहीले गाउँपालिकालाई कर तिर्दै आएका छन् । गाउँपालिकाले आर्थिक ऐन तर्जुमा गर्दा निम्नानुसारका कर राजस्व सम्बन्धी सर्वमान्य सिद्धान्तलाई ध्यानमा राख्नु पर्दछ ।

(क) कर तिर्न सक्ने क्षमताको आधारमा ।
(ख) कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी ।
(ग) सरल, पारदर्शी र मितव्ययी हुनेगरी ।
(घ) नागरिकलाई सुविधा हुने किसिमबाट ।
(ङ) स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरण सृजना गरेर ।
(च) करको आधार, करको दर र कर तिर्ने अवधि निश्चित गरेर ।
(छ) पश्चातदर्शी भएर (असर नपर्ने गरेर) ।

गैरकर राजस्व लगाउँदा र उठाउँदा उपलव्ध गराउने सेवा, सहुलियत र सुविधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी लगाउनु तथा उठाउनु पर्दछ । यस परिच्छेदमा स्थानीय तहलाई प्राप्त राजस्व अधिकार र सो अधिकारको कार्यान्वियन, सम्भावना, समस्या तथा चुनौतीहरू र सुधार गर्नुपर्ने कार्यहरूको शिर्षकगत विश्लेषण गरिएको छ ।

## 3.2 राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था

नेपालको संविधानको अनुसूची ८ ले स्थानीय तहलाई राजस्व सम्बन्धी विभिन्न अधिकारहरू प्रदान गरेको छ । खासगरी राजस्व अधिकार अन्तरगत सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवाशुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर मालपोत), मनोरञ्जन कर, विज्ञापन कर रहेका छन् । यी वित्तीय अधिकारहरू स्थानीय तहको एकल अधिकारको रुपमा संविधानले तोकेको छ । साथै, संविधानको अनुसूची ९ ले तीनै तहको साझा अधिकारको रुपमा सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क आदिलाई मानेको छ । नेपालको संविधानको अनुसूची ६ अनुसार घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवाशुल्क दस्तुर, दण्ड जरिवाना आदि प्रदेश सरकारको वित्तीय अधिकार क्षेत्रको रुपमा व्यवस्था गरेको छ । साथै अनुसूची ५ अनुसार संघीय सरकारले भन्सार, अन्तशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर तथा राहादानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क र दण्ड जरिवाना जस्ता गैर करहरू लगाउदै आएको छ । कुनैपनि तहको सरकारले कर लगाउन सक्ने भनेर उल्लेख नभएका विषयमा कर लगाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे अनुसार हुने व्यवस्था समेत संविधानले गरेको छ ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले एकल कर प्रशासनको मान्यता अनुरुप अनुसूची ६ र ८ मा दोहोरो पर्न गएका घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर र विज्ञापन करबाट प्राप्त आयलाई एउटा तहको सरकारले उठाई

आपसमा बाँडफाँट गर्ने व्यवस्था मिलाएको छ । यस व्यवस्था अनुसार घरजग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानून बमोजिम हाललाई नेपाल सरकारले तोकेको निकाय मार्फत उठाई सम्बन्धित स्थानीय तहलाई साठी प्रतिशत र प्रदेश सरकारलाई चालीस प्रतिशतका दरले बाँडफाँट गर्ने, सवारी साधन कर प्रदेश सरकारले उठाई साठी प्रतिशत रकम प्रदेश सरकारले र चालीस प्रतिशत स्थानीय तहले पाउने गरी बाँडफाँट गर्ने, मनोरञ्जन कर प्रदेश कानून बमोजिम स्थानीय तहले उठाई साठी प्रतिशत स्थानीय तह र चालीस प्रतिशत प्रदेश सरकारले पाउने गरी बाँडफाँट गर्ने र विज्ञापन कर स्थानीय कानून बमोजिम स्थानीय तहले उठाई साठी प्रतिशत रकम आफुले राखी चालीस प्रतिशत प्रदेश सरकारलाई उपलब्ध गराउनु पर्दछ । नेपालको संविधान अनुसार तीन तहको सरकारको राजस्व सम्बन्धी एकल तथा साझा अधिकारहरू निम्नानुसार **तालिका** 7 मा प्रस्तुत गरिएको छ ।

**तालिका 7: तहगत सरकारको राजस्व अधिकार**

| संघ | प्रदेश | स्थानीय | साझा |
|---|---|---|---|
| • भन्सार<br>• अन्तःशुल्क<br>• मूल्य अभिवृद्धि कर<br>• संस्थागत आयकर<br>• व्यक्तिगत आयकर<br>• पारिश्रमिक कर<br>• राहदानी शुल्क<br>• भिसा शुल्क<br>• पर्यटन दस्तुर<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिबाना | • घरजग्गा रजिष्ट्रेशन शुल्क,<br>• सवारी साधन कर<br>• मनोरञ्जन कर<br>• विज्ञापन कर<br>• पर्यटन<br>• कृषि आयमा कर<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिवाना | • सम्पत्ति कर<br>• घर बहाल कर<br>• घरजग्गा रजिष्ट्रेशन शुल्क<br>• सवारी साधन कर<br>• सेवा शुल्क दस्तुर<br>• पर्यटन शुल्क<br>• विज्ञापन कर<br>• व्यवसाय कर<br>• भूमिकर (मालपोत)<br>• दण्ड जरिवाना<br>• मनोरञ्जन कर<br>• मालपोत सङ्कलन | • सेवा शुल्क,<br>• दस्तुर,<br>• दण्ड जरिवाना<br>• प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी,<br>• पर्यटन शुल्क |

*स्रोतः नेपालको संविधान, अनुसूची ५, ६, ७, ८*

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँटको व्यवस्था छ।सो व्यवस्था अनुसार नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच संघीय कानून बमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट गर्न नेपाल सरकारले एक संघीय विभाज्य कोष खडा गरी त्यस्तो रोयल्टीबाट प्राप्त रकम सो कोषमा जम्मा गर्नुपर्दछ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतवाट प्राप्त हुने रोयल्टीको पचास प्रतिशत नेपाल सरकारले, पच्चीस प्रतिशत रकम सम्बन्धित प्रदेशले र पच्चिस प्रतिशत रकम स्थानीय तहलाई बाँडफाँट गर्नुपर्ने व्यवस्था गरेको छ । शीर्षकगत तीन तहवीचमा बाँडफाँट हुने रोयल्टी सम्बन्धी विवरण तल **तालिका** 8 मा प्रस्तुत गरिएको छ।

**तालिका 8: प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँट (प्रतिशतमा)**

| स्रोतहरू | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| विद्युत | ५० | २५ | २५ |
| पर्वतारोहण | ५० | २५ | २५ |
| वन | ५० | २५ | २५ |
| खानी तथा खनिज | ५० | २५ | २५ |
| पानी तथा अन्य स्रोत | ५० | २५ | २५ |

*स्रोतः अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४, अनुसूची ४*

**द्रष्टव्यः**

(१) नेपाल सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तह (सम्बन्धित स्थानीय तह, जिल्ला समन्वय समिति) लाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रुपमा प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट तथा वितरण गर्नेछ ।

(२) यस अनुसूची बमोजिम नेपाल सरकार, प्रदेश र स्थानीय तहलाई गरिने प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँट आयोगको सिफारिसमा नेपाल सरकारले प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गर्न सक्नेछ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क रकममध्येबाट उठेको रकमलाई संघीय विभाज्य कोषमा राखी सो रकममध्ये संघीय सरकारले ७० प्रतिशत, प्रदेशले १५ प्रतिशत र स्थानीय सरकारले १५ प्रतिशत बाडँफाँट गर्ने व्यवस्था रहेको छ । (**तालिका** 9)

**तालिका 9: राजस्व बाँडफाँट सम्बन्धी व्यवस्था (प्रतिशतमा)**

| राजस्व शीर्षकहरू | दर निर्धारण र सङ्कलन | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह |
|---|---|---|---|---|
| मुल्य अभिवृद्धि कर | नेपाल सरकार | ७० | १५ | १५ |
| अन्तः शुल्क | नेपाल सरकार | ७० | १५ | १५ |

*स्रोतः अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, दफा ६*

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा रहेका स्थानीय राजस्व सम्बन्धी केही प्रावधानहरूको चर्चा यहाँ गरिएको छ ।

**क) एकल कर प्रशासन**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को, (१) दफा ५ को सट्टा नेपाल सरकारको आर्थिक विधेयक, २०७५ ले एकल कर प्रशासन सम्बन्धमा देहायबमोजिम संशोधन गरेको छः

(१) यस ऐन तथा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संविधानको अनुसूचीमा प्रदेश र स्थानीय तह दुवैको अधिकार सूचीमा रहेका देहायको कर देहाय बमोजिम लगाईने र उठाइनेछः–

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने, तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिकाले लगाउने र उठाउनेछ ।

(ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिकाले उठाउने,

(ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाउँपालिकाले उठाउने,

(घ) विज्ञापन करको दर गाउँपालिकाले लगाउने र उठाउने ।

(२) उपदफा (१) को खण्ड (ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये साठी प्रतिशत रकम गाउँपालिकाले स्थानीय सञ्चित कोषमा जम्मा गरी चालीस प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

**(ख) स्थानीय तह र प्रदेशबीच राजस्व बाँडफाँट सम्बन्धी व्यवस्था**

आर्थिक विधेयक, २०७५ ले प्रदेश र स्थानीय तहबीचमा राजस्व बाँडफाँट सम्बन्धी निम्नानुसारको व्यवस्था गरेको छ ।

**तालिका 10: स्थानीय र प्रदेशतहबीचको राजस्व बाँडफाँट**

| करका क्षेत्रहरू | सङ्कलन गर्ने तह | राजस्व बाँडफाँट (प्रतिशतमा) | |
|---|---|---|---|
| | | प्रदेश | स्थानीय तह |
| सवारी साधन कर | प्रदेश | ६० | ४० |
| रजिष्ट्रेशन शुल्क | स्थानीय | ४० | ६० |

| करका क्षेत्रहरू | सङ्कलन गर्ने तह | राजस्व बाँडफाँट (प्रतिशतमा) | |
|---|---|---|---|
| | | प्रदेश | स्थानीय तह |
| मनोरञ्जन कर | स्थानीय | ४० | ६० |
| विज्ञापन कर | स्थानीय | ४० | ६० |

*स्रोतः आर्थिक विधेयक, २०७९*

## 3.3 स्थानीय तहको राजस्व अधिकारको शीर्षकगत व्याख्या

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तरगतको दफा ११ को उपदफा २ मा स्थानीय कर सेवा शुल्क तथा दस्तुर अन्तरगत निम्नअनुसारको प्रावधानहरू रहेका छन् ।

१. सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही सम्पत्ति कर, घरजग्गा बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क , विज्ञापन कर, व्यवसाय कर, भूमि कर (मालपोत), मनोरञ्जन कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
२. स्थानीय पूर्वाधार तथा सेवाको शुल्क निर्धारण, सङ्कलन र व्यवस्थापन
३. ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, ऱ्याफ्टिङ, मोटरबोट, केवलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क,
४. जडीबुटी, कवाडी र जन्तु कर निर्धारण तथा सङ्कलन,
५. स्थानीय राजस्वको आधार विस्तार तथा प्रवर्द्धन,
६. ढुंगा गिटी बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट खरीढुंगा, आदि प्राकृतिक वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर सङ्कलन,
७. प्रचलित कानून बमोजिम गर्ने सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर निर्धारण र सङ्कलन,
८. स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन,
९. राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान,
१०. संङ्घीय तथा प्रदेश कानूनको अधिनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
११. स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
१२. मालपोत सङ्कलन,
१३. कर तथा सेवा शुल्क सम्बन्धी अन्य कार्य ।

परिच्छेद ३ को गाउँपालिका तथा नगरपालिकाको काम, कर्तब्य र अधिकार अन्तरगत कै दफा ११ को उपदफा ४ (घ) मा सेवा शुल्क, दस्तुर, दण्डजरिवाना, तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी पर्यटन शुल्कको प्रावधान रहेको छ जस अन्तरगत निम्न अनुसारको प्रावधानहरू रहेका छन् ।

१. स्थानीय सेवा शल्कु , दस्तुर , दण्ड जरिबाना सम्बन्धी नीति, कानून, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन र नियमन,
२. प्राकृतिक स्रोत साधन र सेवा शुल्क , रोयल्टी सङ्कलन, समन्वय र नियमन,
३. खनिज पदार्थको उत्खनन् र सो सम्बन्धी रोयल्टी सङ्कलन,
४. सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी सङ्कलन,
५. पानीघट्ट, कुलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन ।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ **गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकार क्षेत्रमा** गाउँपालिका तथा नगरपालिकाको राजस्व सम्बन्धी निम्न प्रावधानहरू रहेका छन् ।

**(१) सम्पत्ति कर (स्थानीय तहको एकल अधिकार)**

सो ऐनको दफा ५५(१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउने छ । ५५(२) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा दफा ५६ बमोजिम भूमिकर (मालपोत) लगाउनु पर्नेछ ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम् सो क्षेत्रफल बराबरको थप जग्गालाई सम्झनु पर्छ ।

(३) उपदफा (१) को प्रयोजनको लागि घर र घरजग्गाको मूल्याङ्कन देहायको आधारमा गर्नु पर्नेछ

(क) घर र घरजग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था,
(ख) घर र घरजग्गाको चलन चल्तिको मूल्य र घरको हस मूल्य,
(ग) घर र घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था ।

(४) उपदफा (१) बमोजिम घर र घरजग्गाको सम्पत्ति करको र निर्धारण गर्दा नागरिकको जीवनस्तर, आर्थिकस्तर र कर तिर्न सक्ने क्षमताको आधारमा गर्नु पर्नेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको घर र घरजग्गामा सम्पत्ति कर लगाउन पाईने छैन ।

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गा,
(ख) सरकारी अस्पताको घर र घरजग्गा,
(ग) गुठीको स्वामित्वमा रहेको घर र जग्गा,
(घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर र घरजग्गा,
(ङ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघ, संस्थाको घर र घरजग्गा,
(च) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर र घरजग्गा,
(छ) खानेपानी सङ्कलन पोखरी, विद्युत गृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार, विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरू,
(ज) राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका घर र घरजग्गा ।

**(२) भूमिकर (मालपोत) (स्थानीय तहको एकल अधिकार)**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको दफा ५५ बमोजिम सम्पत्ति कर लागेको घरजग्गा बाहेको अन्य जग्गामा भूमिकर (मालपोत) लगाउने छ (दफा ५६) ।

**(३) घरजग्गा वहाल कर (स्थानीय तहको एकल अधिकार)**

गाउँपालिकाको क्षेभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा गाउँपालिका वा नगरपालिकाले त्यस्तो वहाल रकममा वहाल कर लगाउने छ (दफा ५७) ।

**(४) व्यवसाय कर (स्थानीय तहको एकल अधिकार)**

गाउँपालिकाको आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय, वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउने छ। (दफा ५८)

**(५) बहाल बिटौरी शुल्क (स्थानीय तहको एकल अधिकार)**

गाउँपालिकाको आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेको संरचनाको उपयोग वापत बहाल बिटौरी शुल्क लगाउनेछ। (दफा ५९)

**(६) पार्किङ्ग शुल्क (स्थानीय तहको एकल अधिकार)**

गाउँपालिकाको आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत पार्किङ्ग शुल्क लगाउन सक्नेछ (दफा ६०)।

**(७) सेवा शुल्क (एकल अधिकार)**

गाउँपालिकाको आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ, कायाकिङ, बंजी जम्प, जिपफ्लायर, र्‍याफ्टिङ, प्याराग्लाईडिङ लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउनेछ (दफा ६२ को १)।

गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापान गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्नेछ (दफा ६२ को २)।

(क) खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा

(ख) फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायमशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रबास (होस्टेल), हाटबजार, पशु वधशाला, शव दाहगृह, धोवीघाट, र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बस पार्क, ढल, पुल, बत्ती जस्ता सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(च) सिफारिस सम्बन्धी कुनै सेवा।

माथि उपदफा (१) र (२) मा उल्लिखित सेवा सुविधा उपलब्ध गराउने वा त्यस्तो सेवा सुविधा उपयोग गरे वापत लाग्ने सेवा शुल्क उठाउने कार्य आफै वा व्यवस्थापन करार वा निजी क्षेत्र मार्फत गराउन सक्ने कानूनी प्रावधान स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ को ३ ले गरेको छ।

**(८) जडीबुटी, कवाडी र जीवजन्तु कर**

गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडीवुटी, वनकस (खर), कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग गरे वापत गाउँपालिका तथा नगरपालिकाले जडीबुटी, कवाडी तथा जीवजन्तु कर लगाउने छ (दफा ६१)।

**मञ्जुषा 1: जडिबुटी, कबाडी र जीव जन्तुकरको सम्बन्धमा भएको निर्णय**

कवाडी कर लगाउँदा कवाडी मालवस्तु उत्पति र सङ्कलन भएको सम्बन्धित स्थानीय तहको क्षेत्रमा एकपटक मात्र कर लिन पाउने र कवाडी मालवस्तुको प्रयोग गरी उत्पादित वस्तुमा कर लिन नपाउने। (जितपुर सिमरा नगरपालिका नाममा ठेकेदार श्याम कमर्सियल ट्रेडर्सको निवेदनका आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।१०।२५ को परिपत्र बमोजिम)

जीवजन्तु र चौपायाको व्यापार व्यवसाय गर्ने व्यवसायीबाट व्यवसाय कर वा हाटबजारमा खरिद बिक्री भएको अवस्थामा बाहेक अन्य कुनै किसिमको कर शुल्क आदि उठाउन नमिल्नोयस्तो रकम राजमार्गमा ढाट वा तगारो राखी असुल गर्न तथा बिदेशबाट निकासी हुने चौपाया वा जीवजन्तुमा समेत राजमार्गमा ढाट वा तगारो राखी रकम असुल गर्ने व्यवस्था कानून सम्मत नभएको (चन्द्रागिरी नगरपालिकाको नाममा चौपाया खरिद बिक्री संघले दिएको निवेदनका आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।६।१८ को परिपत्र बमोजिम)

**(९) संघ, संस्था दर्ता तथा नवीकरण**

ऐनको दफा ११ को उपदफा (४) को (ठ) अनुसार गाउँपालिकाले (१) संघ, संस्था परिचालन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन तथा (२) स्थानीय स्तरका संघ, संस्थाको दर्ता तथा नवीकरणको कार्य गर्ने (केही नेपाल ऐन संसोधन गर्ने ऐन, २०७५ द्वारा थप)।

**(१०) लघु, घरेलु तथा साना उद्योग**

ऐनको, दफा ११ को उपदफा ५ को 'घ'' अनुसार गाउँपालिकाले (१) लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, विकास प्रवर्द्धन र व्यवस्थापन र (२) उद्यमशिलताको विकास र प्रवर्द्धनको कार्य गर्ने। (केही नेपाल ऐन संसोधन गर्ने ऐन, २०७५ द्वारा थप)।

**(११) नक्सापास**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ (१) अनुसार कसैले पनि गाउँपालिकाबाट नक्सापास नगराई भवन निर्माण गर्न पाईदैन। तर, गाउँपालिकाले तोकेको क्षेत्र र संरचनाको हकमा नक्सापास नगराई पनि भवन निर्माण गर्न बाधा पर्ने छैन।

**(१२) बिक्री गर्न सक्ने (एकल अधिकार/साझा अधिकार)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नदीजन्य वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन तथा बिक्री सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको छ।

(क) ढुङ्गा, गिट्टी, बालुवा, माटो तथा स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन (दफा ११ को प को ७)।

(ख) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य बस्तुको विक्री गर्न सक्नेछ (दफा ६२ क. को १)। उपदफा १ बमोजिम बिक्री वापत प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ (दफा ६२ क. को ३, केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०७५ द्धारा थप) ।

तर, ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले यस सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको छ।

(क) ढुङ्गा, गिट्टी तथा बालुवा आदिको सङ्कलन, स्थानान्तरण तथा बिक्री सम्बन्धी कार्य सम्बन्धित गाउँपालिका वा नगरपालिकाले ठेक्का बन्दोवस्त वा अन्य उपयुक्त व्यवस्था गरी गर्न सक्नेछ ।

(ख) तर राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रको ढुङ्गा, गिट्टी तथा बालुवा तथा माटोजन्य पदार्थको उत्खनन तथा सङ्कलन सम्बन्धी व्यवस्था प्रचलित संघीय कानूनबमोजिम हुनेछ।वन तथा चुरेक्षेत्रबाट सामान्यतया ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन गरिने छैन ।

(ग) तर राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिको सहमतिमा र स्वीकृत मापदण्ड अनुसार वातावरणीय अध्ययन प्र्रतिवेदनमा उल्लेखित विधि अनुसार सम्वन्धित गाउँपालिका वा नगरपालिकाले प्रचलित कानून तथा मापदण्ड बमोजिम ठेक्का बन्दोवस्त गर्नु पर्नेछ।

(घ) गाउँपालिका वा नगरपालिकाले यस मापदण्ड बमोजिम साधारण निर्माणमुखी खानीजन्य र नदीजन्य पदार्थको बिक्री एवम् अनुमती वा नविकरण शुल्क वा करबाट संकलित राजस्वमध्ये साठी प्रतिशत रकम सम्बन्धित गाउँपालिका वा नगरपालिका र बाँकी चालीस प्रतिशत रकम प्रदेश सरकारको सञ्चित कोषमा जम्मा हुने गरी बाँडफाँट गर्नु पर्नेछ ।

यसैगरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रतिवेदन, २०७७ ले ढुङ्गा, गिट्टी तथा बालुवा आदिको सङ्कलन, स्थानान्तरण तथा बिक्री सम्बन्धी निम्नानुसार व्याख्या गरेको छ।

(१) ढुङ्गा, गिट्टी तथा बालुवा (नदीजन्य पदार्थ) सम्बन्धी स्रोतको परिचालन, व्यवस्थापन, अनुगमन, नियन्त्रण, निर्देशन एवम् नियमन गर्ने सम्बन्धमा संघीय संरचना बमोजिमका तीन वटै तहका सरकारको संलग्नतामा यसको सञ्चालन, व्यवस्थापन र नियमन गर्ने गरी कानूनी बन्दोवस्त गरिनुपर्दछ (राप्रास्रो तथा विआ, २०७७) ।

(२) नेपाल सरकारले स्वीकृत गरी जारी गरेको ढुङ्का, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन मापदण्ड, २०७७ ले यसरी ठेक्का लगाउँदा वा यदाकदा आफैंले सङ्कलन गरेको ढुङ्गा, गिट्टी, बालुवाबाट उठेको राजस्वको साठी प्रतिशत स्थानीय सञ्चित कोषमा दाखिला हुने र बाँकी चालीस प्रतिशत सम्बन्धित प्रदेश सरकारको खातामा जम्मा गर्ने व्यवस्था गरेको छ।राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, २०७८ को प्रतिवेदन अनुसार यो व्यवस्था संघीय कानूनसँग बाझिन गई प्रदेश तथा स्थानीय तहबीच राजस्व बाँडफाँटमा विवाद सिर्जना भएको छ।साथै स्थानीय तहले आफ्नो सञ्चित कोषमा जम्मा गरेको रकम बाँडफाँट गर्ने विषय प्रचलित राजस्व बाँडफाँटका मान्यतासँग समेत मेल खाने देखिदैन । तसर्थ यस सन्दर्भमा खानीजन्य र नदीजन्य पदार्थलाई परिभाषित गरी विवादहरूको दीगो समाधानमा जोड दिनु पर्दछ ।

**(१४) सामुदायिक वनबाट आय प्राप्त गर्न सक्ने (साझा अधिकार)**

(१) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्नेछ । (२) उपदफा (१) बमोजिम वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गर्नुपर्नेछ (दफा ६२ख) ।

**(१५) मनोरञ्जन कर (प्रदेश र स्थानीय तहवीचको साझा अधिकार)**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ को १ (ग) बमोजिम मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाउँपालिकाले उठाउने व्यवस्था गरेको छ भने सोही ऐनको दफा २ अनुसार मनोरञ्जन करबाट उठेको रकममध्ये साठ्ठी प्रतिशत रकम गाउँपालिकाले स्थानीय सञ्चित कोषमा जम्मा गरी चालीस प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ ।

मधेश प्रदेशको आर्थिक ऐन, २०७९ को दफा ४ को उपदफा १ मा आर्थिक वर्ष २०७९।८० मा मनोरञ्जन स्थलमा प्रवेश गरे वापत अनुसूची-३ बमोजिम मनोरञ्जन कर लगाईने र असूल उपर गरिनेछ भन्ने उल्लेख छ। उक्त ऐनले "मनोरञ्जन" भन्नाले शुल्क लिई व्यक्तिहरूलाई प्रवेश गराइने सिनेमाघर, नाचघर, अपेरा, थिएटर, सर्कस, चटक, खेल, प्रदर्शनी, कन्सर्ट फनपार्क, पार्क, संग्रहालय, पर्यटकीय स्थल, वाटर गार्डेन, उद्यान र अरु प्रकारका मनोरञ्जन समेतलाई जनाउँछ भनी परिभाषित गरिएको छ। मनोरञ्न कर लगाउने र उठाउने व्यवस्था स्थानीय तहले गर्ने छ भन्ने उल्लेख छ। उपदफा (१) बमोजिम संकलित करको चालीस प्रतिशत रकम मासिक रुपमा प्रदेश संचित कोषमा दाखिल गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ।

**(१६) विज्ञापन कर (प्रदेश र स्थानीय तहवीचको साझा अधिकार)**

विज्ञापन (नियमन) गर्ने ऐन, २०७६ अनुसार "विज्ञापन" भन्नाले कुनै वस्तु, सेवा, कार्यक्रम वा अवसरको बारेमा छापा, विद्युतीय माध्यम, अनलाइन, सामाजिक संजाल, होडिङ्ग बोर्ड, बेलुन वा कुनै संरचना लगायतका माध्यमबाट सार्वजनिक रुपमा प्रचार प्रसार गरिएको वा प्रचार प्रसार गर्ने उद्देश्यले तयार गरिएका शब्द, बाक्य, चित्र, तस्विर, संकेत, पोष्टर, पर्चा, प्रकाश, चिन्ह, संरचना वा सुनसुकै किसिमको श्रव्य, दृश्य वा श्रव्य दृश्य सम्झनु पर्छ (दफा २ को ङ)।

"होर्डिङ्गबोर्ड" भन्नाले विज्ञापन प्रदर्शनको लागि राखिएको वा राखिने साधन सम्झनु पर्छ र सो शब्दले डिजिटल डिस्प्ले, चलदृश्य बोर्ड, एलसीडी बोर्ड, लिड बोर्ड, रोलर बोर्ड, ग्लो बोर्ड, नियोन साइन, प्रोजेक्टर, स्टल डिस्प्ले वा यस्तै अन्य प्रविधि वा प्रकारका वाह्य विज्ञापनको साधनलाई समेत जनाउँछ (दफा २ को छ)।

सार्वजनिक स्थलबाट देखिने गरी होर्डिङ्ग बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न चाहने व्यक्तिले सम्बन्धित स्थानीय तहबाट अनुमतिपत्र लिनु पर्नेछ (दफा ४)।

होर्डिङ्ग बोर्ड वा प्रचलित कानून बमोजिम स्थानीय तहबाट अनुमति प्राप्त गरी स्थानीय स्तरमा सञ्चालन भएका छापा वा विद्युतीय संचार माध्यमबाट हुने वा भएका विज्ञापनमा यस ऐन तथा प्रचलित कानून बमोजिमको मापदण्ड पुरा गरे नगरेको विषयको अनुगमन तथा नियमनको काम सम्बन्धित स्थानीय तहले गर्नेछ (दफा २४)।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ को १ (घ) बमोजिम विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने व्यवस्था गरेको छ भने सोही ऐनको दफा २ अनुसार विज्ञापन करबाट उठेको रकममध्ये साठी प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा जम्मा गरी चालीस प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था रहेको छ।

मधेश प्रदेशको आर्थिक ऐन, २०७९ को दफा ५को उपदफा (१) मा आर्थिक वर्ष २०७९।८० मा मधेश प्रदेश भित्र राखिने होर्डिङ बोर्ड, साईन बोर्ड, ब्यानर, ट्राईभिजन बोर्ड, ग्लो बोर्ड, डिजिटल बोर्ड, स्टल, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने, लेख्ने वा विद्युतीय तरंग प्रयोग गरी प्रचार सामग्रीमा गरिएको विज्ञापनमा विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ भन्ने व्यवस्था रहेको छ।सोहि दफाको उपदफा २ मा उपदफा (१) अनुसारको विज्ञापन करको दर लगाउने र उठाउने सम्बन्धी करको प्रशासन स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ भन्ने उल्लेख छ।त्यसै गरी उपदफा (५) मा उपदफा (१) बमोजिम संकलित करको चालीस प्रतिशत रकम मासिक रुपमा प्रदेश संचित कोषमा दाखिल गर्नुपर्ने व्यवस्था रहेको छ।

**(१७) पर्यटन शुल्क (प्रदेश र स्थानीय तहवीचको साझा अधिकार)**

गाउँपालिकाको आर्थिक ऐनमा पर्यटन शुल्कको सन्दर्भमा कुनै व्यवस्था गरेको पाईदैन। मधेश प्रदेशको आर्थिक ऐनको दफा ६ मा पर्यटन शुल्क सम्बन्धी निम्न व्यवस्था रहेको छः

(१) आर्थिक वर्ष २०७९।८० मा अनुसूची-४ मा उल्लेख भए बमोजिम पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको पर्यटन शुल्कको प्रशासन प्रदेश पर्यटन कार्यालयले गर्नेछ।

पर्यटन कार्यालय स्थापना नभएसम्म पर्यटन शुल्कको प्रशासन प्रदेश सरकारले तोकेको कार्यालयबाट हुनेछ। यसबाट मधेश प्रदेशको हकमा स्थानीय तहलाई पर्यटन शुल्क सम्बन्धी कुनै प्रकारको जिम्मेवारी प्रदान गरिएको देखिँदैन।

**(१८) घरजग्गा रजिष्ट्रेशन शुल्क (प्रदेश र स्थानीय तहवीचको साझा अधिकार)**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ उपदफा (१) मा प्रदेश र स्थानीय तह दुबैको अधिकार सूचीमा रहेका करहरूलाई एकल कर प्रशासन मार्फत लगाउने र उठाउने व्यवस्था गरेको छ।सोही दफा एवं उप दफाको खण्ड (ख) ले घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने प्रबन्ध गरेको छ। सोही दफाको उपदफा (२) अनुसार यसरी प्रदेशले लगाएको घरजग्गा रजिष्ट्रेशन शुल्कको दर बमोजिम असुल गरिएको राजस्वको साठी प्रतिशत स्थानीय सञ्चित कोष र चालीस प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरिएको छ।

**(१९) सवारी साधन कर (प्रदेश र स्थानीय तहवीचको साझा अधिकार)**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ को उपदफा १ को खण्ड (क) अनुसार सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने छ।तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने छ।यसका अतिरिक्त ऐनको दफा ६ (क) अनुसार प्रदेशले लगाएको र उठाएको सवारी साधन कर वापतको रकम प्रदेश सरकारले प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने, त्यसरी जम्मा भएको रकममध्ये साठी प्रतिशत प्रदेश सरकारलाई र चालीस प्रतिशत स्थानीय तहहरूलाई बाँडफाँट गर्नुपर्ने व्यवस्था छ।

## 3.4 स्थानीय तहको ऋण सम्बन्धी व्यवस्था

यस सम्बन्धमा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १४ र १५ मा निम्नानुसारको व्यवस्था रहेको छ।

दफा (१४) राष्ट्रिय प्राकृतिक तथा बित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही नेपाल सरकारको सहमतिमा आन्तरिक ऋण लिन सक्ने व्यवस्था (योजनाको प्रतिफल र उपलब्धिका आधारमा) गरेकोछ।

दफा (१५) नेपाल सरकारले ऋण दिन सक्नेः यदी नेपाल सरकारबाट प्राप्त ऋण प्रदेश वा स्थानीय तहले सम्झौता बमोजिम उल्लेखित अवधिभित्र चुक्ता नगरेमा नेपाल सरकारले सम्वन्धित प्रदेश वा स्थानीय तहलाई उपलब्ध गराउने अनुदानबाट त्यस्तो ऋण रकम अशुल गर्न सक्ने व्यवस्था गरेको छ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा बित्त आयोगले आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त रकमको १२ प्रतिशत बराबर प्रदेश तथा स्थानीय तहले ऋण लिन सक्ने सीमा तोकेको छ।

## 3.5 गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

मौजुदा कानूनी व्यवस्था अनुसार गाउँपालिकालाई प्राप्त राजस्व अधिकारको प्रयोग वा कार्यान्वयनको वर्तमान अवस्थाको विश्लेषण गरिएको छ। गाउँपालिकामा उसलाई प्राप्त अधिकार क्षेत्रभित्रका राजस्व शीर्षकहरूमध्ये कुन-कुन शीर्षकहरूबाट हाल राजस्व सङ्कलनको सम्भावना छ, कुन-कुन शीर्षकहरूबाट सङ्कलन गर्ने गरिएको छ र कुन-कुन शीर्षकहरूको करको दर निर्धारण भएर पनि सङ्कलन भएको छैन सोको विश्लेषण गरिएको छ। गाउँपालिकाका कर्मचारी तथा जनप्रतिनिधिहरूसँग सामूहिक तथा व्यक्तिगत तवरमा गरिएको छलफलबाट प्राप्त जानकारी तथा विभिन्न दस्तावेजहरूको अध्ययनको आधारमा यस गाउँपालिकाको राजस्व परिचालनको वर्तमान अवस्था **तालिका** 11 मा प्रस्तुत गरिएको छ। यसको साथै यस परिच्छेदमा स्थानीय तहलाई प्राप्त राजस्व अधिकार र सो अधिकारको कार्यान्वयनको अवस्था, सम्भावना, समस्या तथा चुनौतीहरू र राजस्व सुधारको लागि गर्नुपर्ने कार्यहरूको शीर्षकगत विश्लेषण गरिएको छ।

**तालिका 11: राजस्व परिचालनको वर्तमान अवस्था**

| क्र. सं | राजस्वको स्रोतहरू | सम्भावना भए/नभएको | दर निर्धारण भए/नभएको | सङ्कलन भए/नभएको |
|---|---|---|---|---|
| **१) कर राजस्व तर्फ** | | | | |
| १ | सम्पत्ति कर | भएको | भएको | भएको |
| २ | भूमिकर (मालपोत) | भएको | भएको | भएको |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | भएको | भएको | नभएको |
| ४ | घरजग्गा बहाल कर | भएको | भएको | भएको |
| ५ | व्यवसाय कर | भएको | भएको | भएको |
| ६ | जडिबुटी, कवाडी र जीवजन्तु कर (कबाडी मात्र) | भएको | भएको | भएको |
| ७ | विज्ञापन कर | भएको | भएको | भएको |
| ८ | मनोरञ्जन कर | भएको | भएको | भएको |
| **२) गैरकर राजस्व तर्फ** | | | | |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा, माटो जन्य बस्तुको बिक्री | नभएको | नभएको | नभएको |
| २ | काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर बिक्री | नभएको | नभएको | नभएको |
| ३ | वन पैदावर (सामुदायिक वनको) बिक्रीबाट प्राप्त आय | नभएको | नभएको | नभएको |
| ४ | नक्सापास दस्तुर | भएको | भएको | भएको |
| ५ | व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क | भएको | भएको | भएको |
| ६ | वहाल विटौरी शुल्क | भएको | भएको | भएको |
| ७ | पार्किङ्ग शुल्क | भएको | भएको | नभएको |
| ८ | फोहरमैला व्यवस्थापन शुल्क | भएको | नभएको | नभएको |
| ९ | स्थानीय खानेपानी महसुल | भएको | नभएको | नभएको |
| १० | स्थानीय विद्युत महसुल | नभएको | नभएको | नभएको |
| ११ | मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | नभएको | नभएको | नभएको |
| १२ | स्थानीय पुर्वाधार उपयोग सेवाशुल्क | भएको | नभएको | नभएको |
| १३ | मूल्याङ्कन सेवा शुल्क | भएको | भएको | भएको |
| १४ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर | भएको | भएको | भएको |
| १५ | सेवा शुल्क तथा दस्तुर | भएको | भएको | भएको |
| १६ | दण्ड जरिवाना | भएको | भएको | भएको |

*स्रोतः गाउँपालिकास्तरीय छलफल, २०७९*

माथिको तालिकामा भएको सूचनालाई हेर्दा ५ वटा शीर्षकहरू बाहेक सबै शीर्षकहरूबाट राजस्व सङ्कलनको सम्भावना रहेको र ८ वटाको दर निर्धारण नभएको र १० वटा शीर्षकहरूबाट राजस्व पनि सङ्कलन नहुने गरेको पाईएको छ। विगत २ आर्थिक वर्षको यथार्थ आयको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका 12: विगत २ आ.व. को राजस्व सङ्कलनको अवस्था**

| क्र.सं. | राजस्वका शीर्षकहरु | आ.व. ०७६/७७ | आ.व. ०७७/७८ | आ.व. ०७८/७९ |
|---|---|---|---|---|
| कर तर्फ | | | | |
| 1 | सम्पत्ति कर | | 355000 | 1000 |
| 2 | भूमीकर(मालपोत) | | 9949377 | 1417288 |
| 3 | घरजग्गा बहालकर | | 8623866 | 7238523 |
| 4 | सबारी साधन कर (टाँगा, रिक्सा, अटोरिक्सा, ईरिक्सा) | | 0 | 0 |
| 5 | व्यवसाय कर (व्यवसाय रजिष्ट्रेशन समेत) | | 319000 | 308000 |
| 6 | विज्ञापन कर | | 0 | 0 |
| 7 | मनोरञ्जन कर | | 0 | 0 |
| 8 | जडिबुटी जीवजन्तु, कबाडी कर | | 0 | 0 |
| 9 | अन्य कर | | 0 | 13679921 |
| | जम्मा | | 19247243 | 22644732 |
| गैर कर | | | | |
| 1 | रेडियो एफ एम | | 0 | 0 |
| 2 | बहाल बिटौरी शुल्क | | 0 | 25000 |
| 3 | अन्य सेवा शुल्क तथा बिक्री | | 0 | 0 |
| 4 | न्यायिक दस्तुर | | 0 | 0 |
| 5 | अन्य प्रशासनिक सेवा शुल्क | | 0 | 0 |
| 6 | नक्सापास दस्तुर | | 271942 | 1160462 |
| 7 | सिफारिस दस्तुर | | 308749 | 168710 |
| 8 | व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क | | 58940 | 60001 |
| 9 | नाता प्रमाणित दस्तुर | | 7000 | 3200 |
| 10 | अन्य दस्तुर | | 1026864 | 152660 |
| 11 | प्रशासनिक दण्ड जरिवाना | | 0 | 0 |
| 12 | अन्य राजस्व | | 0 | 5665371 |
| 13 | न्यायिक दण्ड जरिवाना जफत | | 0 | 0 |
| 14 | ढंगागिटी बालुवा एवं माटो जन्य वस्तुको विक्री | | 0 | 0 |
| 15 | पार्किङ शुल्क | | 0 | 0 |
| 16 | सामुदायिक वनको विक्रीबाट प्राप्त आय | | 0 | 0 |
| 17 | शिक्षा क्षेत्रको आम्दानी | | 2400 | 3950 |
| 18 | परीक्षा शुल्क | | 23700 | 63700 |
| 19 | अन्य क्षेत्रको आय | | 0 | 0 |
| | गैर कर जम्मा | | 1699595 | 7303054 |
| | कर तथा गैर कर जम्मा | | 20946838 | 29947786 |

स्रोतः गाउँपालिकाबाट प्राप्त विवरण

# परिच्छेद चारः राजस्व सङ्कलनको संस्थागत क्षमता र सङ्कलन अवस्था

## 4.1 राजस्व परिचालन सम्बन्धी नीति

परवानीपुर गाउँपालिकाकले तयार पारेको मध्यमकालिन खर्च संरचनामा उल्लेख भएको सूचना, गाउँपालिकामा गरिएको मूख्य सूचनादाता अन्तरवार्ताको क्रममा प्राप्त जानकारी र यस गाउँपालिकाको स्थानीय राजस्व परामर्श समितिको अध्ययन र सिफारिसको आधारमा कर तथा गैर करको दर निर्धारण गरी आन्तरिक आय सङ्कलन गर्ने गरिएको अवस्था रहेको छ। गाउँपालिकाको आन्तरिक स्रोतमा वृद्धि हुँदै गएको छ। परवानी गाउँपालिकामा आन्तरिक आयको राम्रो सम्भावना भएको देखिन्छ। गाउँपालिकाको मध्यमकालिन खर्च संरचना अनुसार आन्तरिक राजस्वको सन्दर्भमा यस गाउँपालिकाले निम्न अनुसारको सोच उद्देश्य तथा रणनीतिहरू तय गरेको छ।

**सोचः**

प्रगतिशिल राजस्व प्रणाली, दिगो र व्यवस्थित स्रोत परिचालन

**उद्देश्यः**

आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु र राजस्व प्रणाली सुदृढ बनाउनु

**रणनीतिहरूः**

१. राजस्वको दायरा, दर, र प्रशासनलाई सूचना प्रविधिमा आधारित र व्यवस्थित गरी आन्तरिक तथा बाह्य स्रोत परिचालनमा जोड गर्ने,
२. स्रोत परिचालनको लागि गैसस, निजी क्षेत्र, समुदाय, विकास साझेदार, प्रदेश र संघीय सरकारका निकायहरूसँग समन्वय र साझेदारीको विकास गर्ने।

सो दस्तावेजले स्थानीयतहमा राजस्व अभिवृद्धि गर्ने र आयमुलक आयोजना तथा कार्यक्रमलाई अनिवार्य रुपमा समावेश गर्न सुझाव दिएको छ।

## 4.2 आय सङ्कलनको संस्थागत क्षमता

यस गाउँपालिकामा हालसम्म पनि करदाताहरु कार्यालयमा कर तिर्न आएमात्र कर बुझ्ने अवस्था कायमै रहेको छ। गाउँपालिकासँग कुन कुन शीर्षक अन्तरगत कति कति कर दाताहरु रहेका छन्, ति मध्ये कति करदाता करको दायरामा आउन सकेका छैनन्, कतिले कर तिरेका छन् र कति करदाताहरुले कति कर तिर्न बाँकी छ भन्ने शीर्षकगत सूचना गाउँपालिकासँग नभएको अवस्था छ। गाउँपालिकामा यि सबै काम गर्न सक्ने र पुग्ने गरी हाल राजस्व शाखामा जनशक्तिको कमी रहेको देखिन्छ। राजस्व शाखामा रहेको एक जना कर्मचारीले जिन्सी शाखा पनि हेर्ने गरेको अवस्था छ।

प्रत्येक वडा कार्यालयबाट सिफारिस तथा दस्तुरहरू अतिरिक्त सम्पत्तिकर तथा भूमिकर सङ्कलन हुँदै आएको छ। नक्सापास दस्तुर, घरजग्गा बहालकर, व्यवसाय कर भने गाउँ कार्यपालिकाको  कार्यालयबाट मात्रै सङ्कलन हुँदै आएको छ।

राजस्व शाखामा २ जना कर्मचारी, कम्प्यूटर र प्रिण्टरको व्यवस्था गरिएको छ। फास्टटेक (Fast Teck)  को सफ्टवेरलाई प्रयोगमा ल्याइएको छ, कम्प्युटराईज्ड बिलिङ प्रणाली र वडासँग नेटवोर्क स्थापना भएको छ। वडामा समेत शीर्षकगत विवरण राख्न शुरु भएको र वडाबाट नियमितरुपमा राजस्वको शीर्षकगत विवरण प्राप्त हुन शुरू गरको छ। राजस्व शाखामा कार्यरत कर्मचारीलाई सामान्य तालिम बाहेक प्रचलित ऐन कानूनमा भएका व्यवस्था र पछिल्लो समयमा भएको परिवर्तनका

सम्वन्धमा तालिमको व्यवस्था नियमित रुपमा हुन सकेको छैन। गाउँपालिकाको आफ्नै कार्यालय भवन नभएकोले राजस्व शाखाको कर्मचारी तथा कर तिर्न आउने करदाताको लागि उपयुक्त हुने खालको कार्यकक्ष हुन सकेको छैन। राजस्व शाखा र जिन्सी शाखा एउटै कोठामा सञ्चालन हुँदै आएको छ। गाउँपालिकामा भएको छलफलमा गाउँपालिकाको राजस्व शाखाको सुधारका लागि करमैत्री वातावरण तयार गर्नुपर्ने र यसका लागि कर तिर्न आउने करदातालाई आरमदायिक बस्ने स्थान, टिभि लगायत अन्य सुविधाहरु थप गर्न आवश्यक देखिन्छ।

## 4.3 राजस्व परिचालनमा रहेका सवालहरू

गाउँपालिकाको राजस्व परिचालन सम्बन्धमा निम्न सवालहरु रहेका छन्ः

१. गाउँपालिकाले राजस्व प्रशासन सुधारका लागि आवश्यक कानूनी आधार जस्तै गाउँपालिका कर तथा गैरकर ऐन, कार्यविधि, नियमावली र कार्यविधिहरु बनी नसकेको।
२. गाउँपालिका भित्रका सबै प्रकारका करदाताहरुको खण्डीकृत तथ्याङ्क तयार भै नसकेको।
३. सबै करदाताहरू करको दायरामा ल्याउन नसकिएको।
४. राजस्व सङ्कलन कार्यमा संलग्न वडा देखि गाउँकार्यपालिकाको कार्यालयमा काम गर्ने कर्मचारीलाई परिवर्तित कानून र प्रविधिको प्रयोग सम्बन्धी तालिम उपलब्ध नभएको।
५. एउटा करदाताले विभिन्न किसिमको करहरू मार्फत कति कर बुझाएको छ वा एउटा करदाताले विभिन्न किसिमको कर जस्तै भूमि कर, सम्पत्ति कर, घरजग्गा बहाल कर, व्यवसाय कर बापत कति कर बुझाउन पर्छ भन्ने देखाउने खालको सफ्टवेयरको आवश्यकताको महशुस भएको।
६. स्थानीय राजस्व परामर्श समितिको सकृयतामा बढाउन आवश्यकता भएको।
७. जनप्रतिनिधिहरूमा स्थानीय तहको राजस्व अधिकारहरूको प्रयोगमा कम सकृयता देखिएको।
८. गाउँपालिकाको राजस्व सम्भाव्यताको तुलनामा राजस्व परिचालन हुन नसकेको।
९. राजस्व सम्भावनाको खोजीको आवश्यकता भएको।

## 4.4 राजस्व परिचालन सम्बन्धी प्रयासहरु

यस गाउँपालिकाले राजस्व परिचालनका सम्बन्धमा हालसम्म निम्नबमोजिम प्रयासहरु गरेको छ।
(क) स्थानीय राजस्व परामर्श समितिको गठन र क्रियाशिलता

**तालिका 13: स्थानीय राजस्व परामर्श समितिको संरचना**

| क्र. सं. | नाम | पद | समितिमा जिम्मेवारी |
|---|---|---|---|
| १ | श्री सुगान्धीदेवी कनुईन | उपाध्यक्ष | संयोजक |
| २ | श्री मुन्ना साह रौनियार | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | श्री लक्ष्मीनादेवी नुनिया | कार्यपालिका सदस्य | सदस्य |
| ४ | श्री महन्थराम हरिजन | कार्यपालिका सदस्य | सदस्य |
| ५ | श्री अजय कुशवाहा | राजस्व शाखा प्रमुख | सदस्य सचिव |
| ७ | श्री मुकेश प्रजापती | आमन्त्रित | |

*स्रोतः स्थानीय राजस्व परामर्श समितिको बैठक पुस्तिका*

स्थानीय राजस्व परामर्श समितिले विभिन्न छलफल तथा बैठकहरू सम्पन्न गरि राजस्वका दररेटहरू तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरू गरि गाउँसभा समक्ष पेश गर्दै आएको छ।

## 4.5 आन्तरिक राजस्वका प्रमुख क्षेत्रहरूको कार्यान्वयन र सम्भावनाको अवस्था

गाउँपालिकाले प्रचलित कानून बमोजिम सङ्कलन गर्दै आएको आन्तरिक राजस्वको वर्तमान अवस्था र भविष्यमा सङ्कलन गर्न सकिने सम्भावित नयाँ राजस्वका क्षेत्रहरूको संक्षिप्त विश्लेषण यस शिर्षक अन्तर्गत गरिएको छ।

**(१) कर राजस्व**

**(क) सम्पत्ति कर**

**हालको परिवेशः**

गाउँपालिकाको आ.व. २०७९/८० को आर्थिक ऐनको दफा २ मा "गाउँपालिकाको क्षेत्र भित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ भन्ने व्यहोरा उल्लेख गरिएको छ। सो अनुसूचि अनुसार सम्पत्तिलाई ५ समूहमा वर्गीकरण गरी सम्पत्ति करको दर निर्धारण गरिएको छ भने घरको हकमा २ समूहका वर्गीकरण गरी मूल्याङ्कनको गर्ने व्यवस्था मिलाईएको छ। तर यसको कार्यान्वयन पक्ष कमजोर रहेको देखिन्छ।

आर्थिक ऐनले सम्पत्ति करको सम्बन्धमा निम्न अनुसारको व्यवस्था गरी थप स्पष्ट पार्ने प्रयास गरेको छः

(क) जिल्ला मालपोत कार्यालयको न्युनतम् मूल्य निर्धारण समितिले तोकेको दररेट अनुसार न्यूनतम मूल्य कायम हुनेछ।

(ख) काँचो ईटा वा माटोको गाह्रो वा बाँस वा काठको टाटी भै फुस, छवाली, खर, पराल, र जस्ता वा टिनको छाना भएको अस्थायी प्रकृतिको घरको मूल्याङ्कन गरिने छैन। कारखानाको मेशिन तथा कच्चा पदार्थ राखिने घर, मजदुर आवास, सेडहरू तथा होटलको ग्राहक बस्ने घरजग्गा, सवारी साधन पार्किङ स्थानको मूल्याङ्कन गर्दा उल्लेखित दरमा २५ प्रतिशत छुट दिईने छ।

(ग) जग्गाको हकमा गाउँपालिकाको न्यूनतम कायम गरिएको जग्गाको मूल्याङ्कन तथा गत वर्ष सोहि करदाताले स्वघोषणा गरेको दर भन्दा कम नहुने गरी कुनै व्यक्ति वा संघ संस्थाले आफ्नो अचल सम्पत्तिको मूल्याङ्कन स्वघोषणा गरी कायम गराउन सक्नेछ तर यसरी स्वघोषणा गर्दा न्यतम मूल्याङ्कनको ५ गुणा भन्दा बढि हुनेगरी स्वघोषणा गर्न सकिने छैन।

**सम्भावनाको अवस्थाः**

सहरीकरण बढ्दै गएको र पथलैया वीरगञ्ज करिडोरमा रहेको यस गाउँपालिकाको आन्तरिक स्रोतहरू मध्येको एउटा प्रमुख स्रोतको रूपमा रहने सम्भावना रहेको छ। राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार यस गाउँपालिकामा २९७५ घरधुरी रहेका छन् र तिनमा ३६६४ घरपरिवार बसोबास गर्दछन्। विद्यमान कानूनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने व्यवस्था रहेको हुँदा गाउँपालिकामा आफ्नै स्वामित्वको जग्गामा घर भएका परिवार संख्या कम्तिमा २९७५ लाई सम्पत्ति करको करयोग्य करदाता मानी सम्पत्ति करको गणना गरिएको छ।

**तालिका 14: सम्पत्ति करको गणना**

| क्र सं | विवरण | दर रू | सम्भावित करदाता प्रतिशत | सम्पत्तिको सरदर मूल्य लाखमा | करदाता संख्या | जम्मा सम्भाव्य सम्पत्ति कर रू | प्रतिव्यक्ति सरदर सम्पत्ति कर |
|---|---|---|---|---|---|---|---|
| | | क | | ख | ग | क*ख*ग | |
| १ | ५ लाख सम्म एक मुष्ठ | ५० | १५ | | ४४६ | 22313 | ५० |
| २ | ५ लाख १ देखि ५० लाख सम्म प्रतिलाख | १० | १४ | २२ | ४१७ | 91630 | 220 |
| ३ | ५० लाख १ देखी १ करोड सम्म प्रतिलाख | १५ | १३ | ७५ | ३८७ | 435094 | 1125 |
| ४ | १ करोड १ देखि १ करोड ५० लाख सम्म प्रतिलाख | २० | ११ | १२५ | ३२७ | 818125 | 2500 |
| ५ | १ करोड ५० लाख १ देखि २ करोड सम्म प्रतिलाख | २५ | १० | १७५ | २९८ | 1301563 | 4375 |
| ६ | २ करोड १ देखि २ करोड ५० लाख सम्म प्रतिलाख | ३० | ९ | २२५ | २६८ | 1807313 | 6750 |
| ७ | २ करोड ५० लाख १ देखि ३ करोड सम्म प्रतिलाख | ३५ | ८ | २७५ | २३८ | 2290750 | 9625 |
| ८ | ३ करोड १ देखि ३ करोड ५० लाख सम्म प्रतिलाख | ४० | ६ | ३२५ | १७९ | 2320500 | 13000 |
| ९ | ३ करोड ५० लाख १ देखि ४ करोड सम्म प्रतिलाख | ४५ | ५ | ३७५ | १४९ | 2510156 | 16875 |
| १० | ४ करोड १ देखि ४ करोड ५० लाख सम्म प्रतिलाख | ५० | ४ | ४२५ | ११९ | 2528750 | 21250 |
| ११ | ४ करोड ५० लाख १ देखि ५ करोड सम्म प्रतिलाख | ५५ | ३ | ४७५ | ८९ | 2331656 | 26125 |
| १२ | ५ करोड १ भन्दा माथि प्रतिलाख | ६० | २ | ५२५ | ६० | 1874250 | 31500 |
| | | | १०० | | | **18332099** | |

*स्रोतः गाउँकार्यपालिकाको कार्यालय तथा छलफल, २०७९*

**तालिका 15: सम्पत्ति करको सम्भावना गणना**

| विवरण | कुल सम्भावित | आ. व. २०८०/८१ | आ. व. २०८१/८२ | आ. व. २०८२/८३ |
|---|---|---|---|---|
| करको दायरामा ल्याउने प्रतिशत | 100 | 50 | 60 | 75 |
| प्राप्त हुने सम्पत्ति कर (रु हजारमा) | 18314249 | 9157124 | 10988549 | 13735687 |

*स्रोतः गाउँपालिकास्तरीय छलफल, २०७९*

## सुधारका लागि गर्नुपर्ने कार्यहरू

- आर्थिक ऐनमा उल्लेखित करको दरबारे थप अध्ययन गर्ने र सिफारिस अनुसार सम्पत्ति करको नयाँ दर तय गर्नुपर्ने ।
- गाउँ सभाको सम्पूर्ण सदस्यहरूलाई सम्पत्ति कर सम्बन्धी अभिमुखीकरण कार्यक्रमको व्यवस्था गर्नुपर्ने ।
- गाउँपालिका भित्रका सम्पूर्ण सम्पत्ति करदाताहरूको भरपर्दो अभिलेख तयार पार्ने र कम्तिमा ३ वर्षमा अध्यावधिक गर्नुपर्ने ।
- सम्पत्ति कर सम्बन्धी कार्यन्वययनको लागि स्पष्ट कानूनी आधारहरू निर्माण गरी कार्यान्वयन गर्नुपर्ने ।

### (ख) भूमिकर (मालपोत)

### हालको अवस्था

परवानीपुर गाउँपालिकाको आर्थिक ऐन आ.व. २०७९/८० को दफा ३ मा गाउँपालिका क्षेत्र भित्र अनुसूची २ बमोजिम भूमिकर (मालपोत) लगाईने र असुल उपर गरिने छ भन्ने उल्लेख गरिएको छ।भूमिकरको सन्दर्भमा यस गाउँपालिकामा व्यापारिक, अन्य जग्गा र सेवा ट्रष्ट गरी तीन समूहमा वर्गीकरण गरी मालपोतको दर निर्धारण गरिएको छ । दरको हकमा व्यापारिक तथा सेवा ट्रष्टको लागि प्रति कट्ठा रू २५० र अन्य जग्गाको प्रतिकट्ठा रू १० कायम गरिएको छ ।

**सम्भाव्यता:**

गाउँपालिकाको पार्श्व चित्रमा उपलब्ध विवरण अनुसार गाउँपालिकाको क्षेत्रफल १५.४८ वर्ग कि.मि. रहेको छ । उपरोक्त क्षेत्रफल मध्ये करिब २ तिहाई (९ वर्ग कि.मि.) जमीनमा मालपोतको लागि योग्य मानी त्यसै अनुसार मालपोतको गणना गरिएको छ । ९ वर्ग कि.मि. क्षेत्रफलमा गाउँपालिको आर्थिक ऐनले व्यवस्था गरेबमोजिमको दरले हिसाब गरी आउने रकमलाई  यस गाउँपालिकाको मालपोतको कुल सम्भाव्यताको रकम मानिएको छ । चालु आर्थिक ऐनले व्यपारिक र जग्गालाई व्यवसायिक जग्गा, अन्य जग्गा र सेवा ट्रष्ट गरी तीन समूहमा वर्गीकरण गरी दर निर्धारण गरेको छ र मालपोतबाट प्राप्त हुन सक्ने राजस्वको गणना यसकै आधारमा गरिएको हो ।

**तालिका 16: भूमिकर (मालपोत) राजस्व प्रक्षेपण**

| जग्गाको किसिम | क्षेत्रफल वर्ग कि.मि. | क्षेत्रफल | प्रति कट्ठा मालपोत दर | कुल सम्भाव्य राजस्व | आ. व. २८०/८१ को दायरा प्रतिशत (५०) | आ. व. २०८१/ ८२ को दायरा प्रतिशत  (५५) | आ. व. २०८२/८३को दायरा प्रतिशत (६५) |
|---|---|---|---|---|---|---|---|
| | | क. | ख. | (क*ख) | | | |
| अन्य जग्गा (कृषि क्षेत्र) | 8 | 23624 | 10 | 236240 | 118120 | 129932 | 141744 |
| व्यपारिक र व्यवसायिक जग्गा | 0.5 | 1477 | 250 | 369133 | 184566 | 203023 | 221480 |
| सेवा ट्रष्ट | 0.5 | 1477 | 250 | 369133 | 147653 | 166110 | 184566 |
| जम्मा | | **26577** | | **974505** | **450339** | **499065** | **547790** |

*नोटः १ वर्ग कि.मि. २९५३.०६ कट्ठा*

### सुधारका लागि गर्नुपर्ने कार्यहरू

- गाउँपालिकमा रहेका मालपोत वा भूमिकरका करदाताहरूको विवरण छिटो भन्दा छिटो तयार गर्नुपर्ने र डिजिटल प्रणालीमा प्रविष्ट गर्नुपर्ने।
- आवश्यक पूर्वाधार तयार गरी गाउँपालिका कार्यालय तथा सबै वडामा प्रभावकारी राजस्व प्रशासनको व्यवस्था गर्नुपर्ने ।

### (ग) घरजग्गा बहाल कर

### हालको अवस्था

यस गाउँपालिकामा घरजग्गा बहाल कर आन्तरिक स्रोतको एउटा प्रमुख स्रोतको रूपमा रहेको छ र यसको सम्भावना बढ्दै जाने देखिन्छ। गाउँपालिकाले उपलब्ध गराएको वित्तीय विवरण अनुसार यस परवानीपुर गाउँपालिकाले आ.व. ०७८/७९ मा घरजग्गा वहाल कर वापत रु. ७२ लाख ३८ हजार ५२४ सङ्कलन गरेको थियो । आगामी आ.व. २०७९/८० का लागि रु.

१ करोड ५२ लाख ५० हजार  अनुमान गरिएको छ। यसबाट अनुमानमा अस्वभाविक वृद्धि देखिएता पनि यस गाउँपालिकामा यो करको सम्भावना राम्रो रहेको पुष्टी गर्दछ र यसको सम्भावना गणना निम्नानुसार गरिएको छ।

**सम्भावनाको अवस्थाः**

कार्यशालामा छलफलको क्रममा स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र रहेको सबै घरजग्गा बहालका करदाताहरूको पहिचान गरी चालु आर्थिक वर्षको लागि प्रस्तावित दरले असुली गर्ने र सोही अनुसार राजस्व सङ्कलन गर्ने प्रस्ताव गरिएको छ। यस गाउँ कार्यालयबाट गाउँपालिकामा कति जना घरजग्गा बहालकरका करदाता रहेको छन् विवरण प्राप्त हुन सकेको छैन्। सहरीकरण तथा औद्योगीकरण बढ्दै गएको यस गाउँपालिकामा होटल व्यवसायका साथै विभिन्न उद्योग व्यवसायहरू बढ्ने क्रम रहेकाले घर जग्गा बहाल करको सम्भावना बढ्दै जाने देखिन्छ। घर जग्गा बहाल करको सम्भावनाको गणना गर्दा आर्थिक गणना २०१८ लाई आधार मानिएको छ। सो गणना अनुसार यहाँ कुल व्यवसायको संख्या ५७५ मध्ये ७० प्रतिशत मात्रले भाडामा व्यवसाय सञ्चालन गर्दछन् भन्ने मान्यता र गाउँपालिकामा घर धुरी भन्दा बाहेकका २०० परिवार भाडामा बस्छन् भन्ने मान्यताको आधारमा यस गाउँपालिकाको घरबहाल करको कुल सम्भावना वार्षिक रु ९३ लाख ७८ हजार अनुमान गरिएको छ।

**तालिका 17: घरजग्गा बहाल करको सम्भावनाको गणना**

| विवरण | व्यवसाय/ परिवारको संख्या | भाडामा जाने कोठा/सटर/गोदाम/ कट्ठाको संख्या | मासिक भाडा रु (औसतमा) | वार्षिक भाडा रकम | कर दर प्रतिशतमा | कुल संभाव्य रकम रु |
|---|---|---|---|---|---|---|
| व्यवसायिक | 288 | 403 | 6000 | 28980000 | 10 | 2898000 |
| गोदाम | 100 | 100 | 40000 | 48000000 | 10 | 4800000 |
| आवासीय | 200 | 400 | 3000 | 14400000 | 10 | 1440000 |
| जग्गा भाडा (कठ्ठामा) | | 200 | 1000 | 2400000 | 10 | 240000 |
| **कुल जम्मा** | | | | **93780000** | **10** | **9378000** |

**तालिका 18: घरजग्गा बहाल करको प्रक्षेपण**

| विगत २ आर्थिक वर्षको औसत | आ. व. २०७८/७९ को यथार्थ | कुल सम्भाव्य राजस्व रु. | आ. व. २०७९/८० को अनुमान | आ. व. २०८०/८१ को दायरा ७० प्रतिशत | आ. व. २०८१/८२ को दायरा ७५ प्रतिशत | आ. व. २०८२/८३ को दायरा ९० प्रतिशत |
|---|---|---|---|---|---|---|
| 7931195 | 7238523 | 9378000 | 15250000 | 6564600 | 7033500 | 8440200 |

*स्रोतः गाउँपालिका स्तरीय छलफल*

## सुधारका लागि गर्नुपर्ने कार्यहरू

- घरजग्गा बहाल कर रकम सङ्कलन सम्बन्धी आवश्यक कानून बनाउने।
- एक पटक भाडामा लगाएपछि घरपरिवारको हकमा घरधनीले भाडामा नलागेको सूचना नदिएसम्म भाडामा लागे सरह मानी कर सङ्कलन गर्न सक्ने कानूनी व्यवस्था मिलाउने।
- घरजग्गा बहाल कर कार्यन्वयनका सन्दर्भमा सरोकारवालाहरूसँग समय समयमा छलफल  समन्वय गर्ने।
- सबै भन्दा पहिला घरजग्गा बहाल कर तिर्ने प्राकृतिक करदातालाई सम्मान गर्ने।

- कम्तिमा ३ महिनामा १ पटक स्थलगत अनुगमन गरी घरजग्गा भाडामा लगाउनेको विवरण अध्यावधिक गर्दै जाने।
- यस गाउँपालिकामा व्यवसायको लागि जग्गा भाडामा दिने प्रचलन रहेकाले यस्ता जग्गाधनीहरूलाई करको दायरमा ल्याउनु पर्ने।

**(घ) व्यवसाय कर**

**हालको अवस्थाः**



गुदरीबजारमा रहेको एक पसल

गाउँपालिकाको आर्थिक ऐन २०७९/८० ले व्यापार, व्यवसायको प्रकृति र पूँजीगत लगानीको आधारमा व्यवसाय कर लगाउने व्यवस्था गरेको छ । आर्थिक ऐनमा ८ समूहमा वर्गीकरण गरी व्यवसाय दर्ता करको रुपमा व्यवसाय करको दर निर्धारण गरेको छ।सबैभन्दा बढि ठूला उद्योगहरूको लागि निर्धारण गरिएको छ । आर्थिक ऐनमा दिईएको विवरण अनुसार ठूला उद्योग व्यवसाय दर्ता का लागि रु २०००० तोकिएको छ भने सबै भन्दा कम सानो खुद्रा पसल र व्यवसाय दर्ता नवीकरणको लागि रु ३०० तोकिएको छ। परवानीपुर गाउँपालिकाले आर्थिक वर्ष २०७८/७९ मा व्यवसाय कर बापत कुल १ लाख ९८ हजार रुपैँया असुल गरेको चालु आर्थिक वर्षमा व्यवसाय करबाट रु. ९ लाख प्राप्त हुने अनुमान गरिएको छ।

**सम्भावनाको अवस्थाः**

परवानीपुर गाउँपालिका भएता पनि औद्योगिक करिडोरमा पर्ने यस गाउँपालिकामा उद्योग व्यवसाय बढ्ने क्रम जारी छ। यसबाट यहाँ भविष्यमा व्यवसाय करबाट राजस्व वृद्धि हुँदै जाने सम्भावना रहेको देखिन्छ। आर्थिक गणना २०१८ अनुसार यस गाउँपालिकामा ५२३ वटा उद्योग व्यवसायहरू दर्ता भै सञ्चालनमा रहेका छन्। आर्थिक गणना पछिको हाल सम्मको अवधिमा कम्तिमा १० प्रतिशत व्यवसायहरू थप भएको अनुमानको आधारमा हाल ५७५ उद्योग व्यवसायहरु रहेका छन् भन्ने मान्यताको आधारमा व्यवसाय करको सम्भावना गणना गरिएको छ। व्यवसाय करको गणना गर्दा गाउँपालिकामा वार्षिक ५ प्रतिशतका दरले नयाँ उद्योग व्यवसायहरु दर्ता हुने अनुमान गरी राजस्वको प्रक्षेपण गरिएको छ। यसैगरी ठूला उद्योग तथा व्यवसायहरु ५ प्रतिशत; मझौला उद्योग तथा व्यवसाय, अधिवक्ता, कनूनी परामर्श, चार्टड एकाउन्टेन्स, ईन्जीनियरिङ् कम्पनी डिस १५ प्रतिशत; थोक, होलसेल पसल र व्यवसाय, लेखा परीक्षक साना व्यवसाय ३० प्रतिशत र सानो खुद्रा पसल र व्यवसाय ५० प्रतिशत रहेको अनुमान गरिएको छ।

**तालिका** 19: **वार्षिक व्यवसाय कर (दर्ता तर्फ) को प्रक्षेपण (रकम रु.)**

| पूँजीको आधारमा व्यवसायको वर्गीकरण | नयाँ दर्ता हुने अनुमानित वार्षिक संख्या | आगामी ३ आर्थिक वर्षमा दर्ता हुने नयाँ व्यवसायको अनुमानित संख्या | दर रू (क) | जम्मा रकम रू (क*ख) |
|---|---|---|---|---|
| ठूला उद्योग तथा व्यवसाय दर्ता | 1 | 3 | 20000 | 60000 |

| पूँजीको आधारमा व्यवसायको वर्गीकरण | नयाँ दर्ता हुने अनुमानित वार्षिक संख्या | आगामी ३ आर्थिक वर्षमा दर्ता हुने नयाँ व्यवसायको अनुमानित संख्या | दर रू (क) | जम्मा रकम रू (क*ख) |
|---|---|---|---|---|
| मझौला उद्योग तथा व्यवसाय, अधिवक्ता, कनूनी परामर्श, चार्टड एकाउन्टेन्स, ईन्जीनियरिङ् कम्पनी डिस दर्ता | 4 | 12 | 5000 | 60000 |
| थोक, होलसेल पसल र व्यवसाय, लेखा परीक्षक साना व्यवसाय दर्ता | 9 | 27 | 1000 | 27000 |
| सानो खुद्रा पसल र व्यवसाय दर्ता | 15 | 45 | 500 | 22500 |
| | | | **जम्मा** | **169500** |

## तालिका 20: वार्षिक व्यवसाय कर (नवीकरण तर्फ) को प्रक्षेपण (रकम रु.)

| पूँजीको आधारमा व्यवसायको वर्गीकरण | आ.व. २०७९/८० को अनुमान | आ.व. २०८०/८१ को प्रक्षेपण | आ.व. २०८१/८२ को प्रक्षेपण | आ.व.२०८२/८३ को प्रक्षेपण |
|---|---|---|---|---|
| **ठूला उद्योग तथा व्यवसाय दर्ता नवीकरण** | | | | |
| संख्या | 29 | 30 | 32 | 33 |
| कूल सम्भाव्य राजस्व | | 301,875 | 316,969 | 332,817 |
| दायराको प्रतिशत | | 60 | 70 | 80 |
| **प्रक्षेपित राजस्व** | | **181,125** | **221,878** | **266,254** |
| **मझौला उद्योग तथा व्यवसाय, अधिवक्ता, कनूनी परामर्श, चार्टड एकाउन्टेन्स, ईन्जीनियरिङ् कम्पनी डिस दर्ता नवीकरण** | | | | |
| संख्या | 86 | 91 | 95 | 100 |
| कूल सम्भाव्य राजस्व | | 271,688 | 285,272 | 299,535 |
| दायराको प्रतिशत | | 60 | 70 | 80 |
| **प्रक्षेपित राजस्व** | | **163,013** | **199,690** | **239,628** |
| **थोक, होलसेल पसल र व्यवसाय, लेखा परीक्षक साना व्यवसाय दर्ता नवीकरण** | | | | |
| संख्या | 173 | 181 | 190 | 200 |
| कूल सम्भाव्य राजस्व | | 90,563 | 95,091 | 99,845 |
| दायराको प्रतिशत | | 60 | 70 | 80 |
| **प्रक्षेपित राजस्व** | | **54,338** | **66,563** | **79,876** |
| सानो खुद्रा पसल र व्यवसाय दर्ता नवीकरण | | | | |
| संख्या | 288 | 302 | 317 | 333 |
| कूल सम्भाव्य राजस्व | | 90,563 | 95,091 | 99,845 |
| दायराको प्रतिशत | | 60 | 70 | 80 |
| **प्रक्षेपित राजस्व** | | **54,338** | **66,563** | **79,876** |
| **जम्मा** | **900000** | **452,813** | **554,695** | **665,634** |

*स्रोतः गाउँपालिकास्तरीय छलफल, २०७९*

## सुधारको लागि गर्नुपर्ने कार्यहरूः

- गाउँपालिकाको आर्थिक ऐनमा वर्गीकरण गरिएअनुसारको व्यवसायहरूको तथ्याङ्क तयार गर्ने ।
- कम्तीमा ३ महिनमा १ पटक स्थलगत अनुगमन गरी आफ्नो क्षेत्रमा भएका व्यवसायहरूको विवरण आध्यावधिक गर्दै जाने ।
- व्यवसाय दर्ता कार्यलाई नियमित बनाउन व्यवसायिक संघ संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने ।
- व्यवसाय कर सम्बन्धी आवश्यक नीतिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्ने ।
- व्यवसाय कर सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था तर्जुमा गर्दा जस्तै करका दरहरू निर्धारण गर्दा व्यवसायीहरूसँग परामर्श गर्नु पर्ने ।

**(च) सवारी साधन करः**

**हालको अवस्थाः**

यस गाउँपालिकामा स्थानीय सरकारको अधिकार क्षेत्र भित्र पर्ने थुप्रै ई-रिक्सा तथा अटो रिक्सा सञ्चालनमा आएको देखिन्छ तर गाउँपालिकाले यसलाई करको दायरामा ल्याउने र कर सङ्कलन गरेको गाउँपालिकाको अभिलेखले देखाउँदैन । यस गाउँपालिकाले उपलब्ध गराएको आ. व. २०७८/७९ वित्तीय विवरण अनुसार सो आर्थिक वर्षमा सवारी कर वापत कुनै रकम सङ्कलन भएको देखिँदैन ।

**सम्भावनाको अवस्थाः**

साना सवारी साधन कति छन् भन्ने अभिलेख गाउँपालिकामा नरहेकाले यसबाट प्राप्त हुने आयको अनुमान गर्न कठिन छ । अटो रिक्सा तथा ई-रिक्सा यहाँ स्थानीयहरूको लागि एउटा सजिलो र पहुँचयोग्य सवारी साधनको रुपमा विकसित हुँदै गएको अवस्थालाई हेर्दा यसलाई करको दायरामा ल्याउने र नियमन गर्ने कार्य गरी आय आर्जन गर्न सकिने सम्भावना देखिन्छ । सडक विस्तारको अवस्थालाई हेर्दा साना सवारी साधनबाट राजस्व सङ्कलनको सम्भावना वृद्धि हुँदै जाने अनुमान गर्न सकिन्छ । गाउँपालिकाले चालु आर्थिक वर्षमा सवारी साधनबाट रु १ लाख राजस्व प्राप्त हुने अनुमान गरेको छ । सो रकमलाई सवारी साधनबाट प्राप्त हुने कुल सम्भाव्यता मानी आगामी ३ वर्षहरूमा सवारी साधनहरूबाट प्राप्त हुने राजस्वको प्रक्षेपण गरिएको छ ।

**तालिका 21: साना सवारी साधन करको प्रक्षेपण**

| आ. व. २०७८/७९ को यथार्थ | आ. व. २०७९/८० को अनुमान | आ. व. २०८०/८१ मा दायरमा आउने ६०% | आ. व. २०८१/८२ मा दायरमा आउने ७०% | आ. व. २०८२/८३ मा दायरमा आउने ८०% |
|---|---|---|---|---|
| 0 | 100000 | 60000 | 70000 | 80000 |

*स्रोतः गाउँपालिकास्तरीय छलफल, २०७९*

**सुधारको लागि गर्नुपर्ने कार्यहरूः**

- साना सवारी साधनको दर्ता, नवीकरण तथा अनुगमन कार्यको लागि वडा समितिहरूलाई जिम्मेवारी दिने ।
- साना सवारी साधन करलाई कार्यान्यनमा ल्याउन आवश्यक पूर्वाधार र जनशक्ति व्यवस्थापनगर्ने ।
- यातायात व्यवस्था कार्यालयसँग समन्वय र सहकार्य गर्ने ।

**(छ) विज्ञापन करः**

**हालको अवस्थाः**

यस गाउँपालिकामा स्थानीय तहको अधिकारको रूपमा रहेको विज्ञापन कर कार्यान्वयन आएको देखिँदैन। विगत ३ आर्थिक वर्षको आन्तरिक राजस्व खाताको विवरणले विज्ञापन कर कार्यान्वयन नभएको अवस्थालाई झल्काउँछ। तथापी आर्थिक ऐन २०७९ को अनुसूची ७ मा विज्ञापन करको दर र सो सम्बन्धी व्यवस्था गरिएको छ।

**सम्भावनाको अवस्था:**

उद्योग व्यवसायको बढ्दो क्रम र पथलैया वीरगञ्ज औद्योगिक करिडोरमा अवस्थित यस गाउँपालिकमा विज्ञापन करको ठूलो सम्भावना रहेको देखिन्छ। हाल सम्म विज्ञापन कर वापत आय आर्जन हुन नसकेता पनि यसलाई कार्यान्वयनमा ल्याउन सकेमा आम्दानी हुन सक्ने स्थानीय व्यवसायीहरू बताउँछन्। यसलाई आधार मानी यहाँ विज्ञापन करबाट प्राप्त हुनसक्ने राजस्वको प्रक्षेपण गरिएको छ।

**तालिका 22: विज्ञापन करको प्रक्षेपण**

| विवरण | रकम | आ. व. २०८०/८१ | आ. व. २०८१/८२ | आ. व. २०८२/८३ |
|---|---|---|---|---|
| आ. व. २०७९/८० को अनुमान | १००००० | १००००० | १००००० | १००००० |
| करको दायरमा ल्याउने प्रतिशत | | १०० | १०० | १००० |
| विज्ञापन करको प्रक्षेपित रकम | | १००००० | १००००० | १००००० |

*स्रोतः गाउँपालिकास्तरीय छलफल, २०७९*

**(ज) जडिबुटी, कवाडी र जीवजन्तु कर:**

**हालको अवस्था:**


गाउँ कार्यपालिकाको कार्यालय

यस गाउँपालिकामा स्थानीय तहको अधिकारको रूपमा रहेको जडिबुटी, कबाडी र जीवजन्तु कर मध्ये कवाडी कर मात्र कार्यान्वयनमा ल्याउने प्रयास भएको देखिन्छ। यसको कार्यान्वयनको लागि ठक्का समेत भई यसै आर्थिक वर्ष देखि कार्यान्वयनमा आएको छ।

**सम्भावनाको अवस्था:**

उद्योग व्यवसायको बढ्दो क्रमलाई हेर्दा र विभिन्न व्यक्तिहरूसँग भएको छलफलबाट प्राप्त सूचनाको आधारमा यस गाउँपालिकामा कबाडी करको राम्रो सम्भावना देखिन्छ। यसलाई आधार मानी यहाँ कबाडीकरबाट प्राप्त हुनसक्ने राजस्वको प्रक्षेपण गरिएको छ। कवाडीकरको हकमा यस वर्षको ठेक्का रकमलाई आधार मानी आगामी ३ वर्षको राजस्वको प्रक्षेपण गरिएको छ।

**तालिका 23: कबाडी करको प्रक्षेपण**

| आ. व. २०७८/७९ को यथार्थ | आ. व. २०७९/८० को अनुमान | आ. व. २०८०/८१ मा दायरमा आउने ६०% | आ. व. २०८१/८२ मा दायरमा आउने ७०% | आ. व. २०८२/८३ मा दायरमा आउने ८०% |
|---|---|---|---|---|
| 0 | 2011000 | 2011000 | 2011000 | 2011000 |

## (२) गैरकर राजस्व

### (क) बहाल विटौरी शुल्क

**हालको अवस्थाः**



**लिपनीमालमा रहेको गुदरी बजार**

यस गाउँपालिकामा स्थानीय तहको अधिकारको रूपमा रहेको बहाल बिटौरीको कार्यान्वयनमा रहेको बताईएता पनि विगत ३ आर्थिक वर्षको आय विवरण हेर्दा यि करको कार्यान्वयन भएको देखिँदैन। विगत ३ आर्थिक वर्षको आय विवरणमा यो शीर्षकहरूबाट आम्दानी भएको देखिँदैन। तर छलफल गर्दा र स्थलगत भ्रमण गर्दा यहाँ केही सटरहरू (करिब ६० वटा) र हाटबजार रहेको पाईएको थियो।यसको साथै यहाँ ४ वटा माछापोखरीहरू रहेका बताईएको छ तर यि पोखरीहरूबाट राजस्व भने सङ्कलन गरिएको छैन।



परवानीपुर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय

**सम्भावनाको अवस्थाः**

छलफलको क्रममा यस गाउँपालिकामा सार्वजनिक जमिनहरू रहेको र त्यसबाट बहाल बिटौरीको सम्भावना राम्रो रहेको देखिन्छ।यहाँ १७ वटा सटरहरू भाडामा लागेको तर ति सटरहरूबाट राजस्व सङ्कलन भएको गाउँपालिकाले उपलब्ध गराएको वित्तीय विवरणमा देखिँदैन। निर्माणाधिन ४४ वटा सटरहरूको निर्माण यसै आर्थिक वर्ष भित्र सम्पन्न भै भाडामा लाग्छ भन्ने मान्यताको आधारमा बहाल बिटौरीबाट प्राप्त हुने राजस्वको प्रक्षेपण हुने देखिन्छ।

**तालिका 24: बहाल बिटौरीको प्रक्षेपण**

| राजस्वका स्रोतहरु | इकाई | जम्मा परिमाण | भाडामा लाग्ने सम्भवित संख्या | दर प्रति महिना | कुल सम्भावित राजस्व वार्षिक रु. | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आ व २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ |
| सटर | वटा | ५४ | ४८ | 5000 | 2880000 | 2880000 | 2880000 | 3168000 |
| गुदरी बजार | वटा | १ | १ | | 1300000 | 1300000 | 1300000 | 1430000 |
| पोखरी | वटा | ४ | २ | | 100000 | 100000 | 100000 | 110000 |
| जम्मा | | | | | 4180000 | 4598000 | 5057800 | 5563580 |

*स्रोतः गाउँपालिकास्तरीय छलफल*

*नोटः २ वर्षमा १० प्रतिशतको दरले भाडा वृद्धि हुने मान्यताको आधारमा रकम प्रक्षेपण गरिएको छ।*

**सुधारको लागि गर्नुपर्ने कार्यहरू**

- सार्वजनिक जमिन, भवनको खोजि गर्ने तथा अध्यावधिक गर्ने।

- आर्थिक हिसाबले लाभ हुने सम्भावना भएका ठाउँहरूमा सटर निर्माण गरी भाडामा लगाउने।
- भाडामा दिने प्रक्रियालाई बढि सकेसम्म पारदर्शि बनाउने।

**(ख) स्थानीय पूर्वाधार उपयोग शुल्क**

**हालको अवस्थाः**

गाउँपालिकाको विगत ३ आर्थिक वर्षको आन्तरिक राजस्व खाताको विवरण हेर्दा स्थानीय पूर्वाधार उपयोग शुल्कको कार्यान्वयन भएको देखिँदैन अर्थात यस गाउँपालिकामा स्थानीय पूर्वाधार उपायोग शुल्कको रूपमा राजस्व सङ्कलन गर्ने गरिएको छैन।

**सम्भावनाको अवस्थाः**

छलफलको क्रममा यस गाउँपालिकामा स्थानीय पूर्वाधारबाट राजस्व सङ्कलनको सम्भावना तत्कालको लागि नरहेको बताईएको छ।

**(घ) सिफारिस तथा अन्य वस्तुहरू**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ घ (७) अनुसार गाउँपालिकाले विभिन्न प्रकारका सिफारिसहरू जस्तै नक्सापास, संघसंस्था दर्ता सिफारिस, इजाजत सिफारिस, नाता प्रमाणित, ठेगाना प्रमाणित, घरजग्गा नामसारी, घरबाटो सिफारिस, घरजग्गाको चारकिल्ला सिफारिस, वैदेशिक कामकाजको लागि सिफारिस लगायतका विभिन्न प्रकारका सिफारिसहरू प्रदान गर्दछन्।यी सिफारिसहरू गरेवापत लिईने दस्तुरहरू पनि यस गाउँपालिकाको एउटा प्रमुख आन्तरिक स्रोतको रुपमा रहेको छ।यस गाउँपालिकाको गाउँसभाबाट पारित आर्थिक ऐन अनुसार विभिन्न शीर्षकहरूबाट रकम समेत सङ्कलन गरिरहेको छ।

**(ङ) नक्सापास दस्तुर**

**हालको अवस्था**

यस गाउँपालिकामा नक्सापास गराउने र त्यस वापत राजस्व सङ्कलन गर्ने अभ्यास गर्दै आएको छ। नक्सापास तथा तथा नक्सापास नियमित गर्ने काममा प्रभावकारिता वृद्धि गरी कार्यान्वयन गर्न सके गाउँपालिकाको आन्तरिक राजस्व वृद्धि गर्न सकिने सम्भावना देखिन्छ। नक्सापास वापत आ. व. २०७८/७९ मा रु ११ लाख ६० हजार ४ सय बैसठ्ठी  राजस्व प्राप्त भएको थियो भने चालु आ.व. को लागि रु. ४० लाख अनुमान गरिएको छ।

**सम्भावनाको अवस्था**

देश भरी नै भवन संहिता लागु भै सकेको अवस्था र विस्तारै सहरीकरण बढ्दै गरेको हालको अवस्थामा नक्सापास दस्तुरबाट राजस्व सङ्कलन हुने सम्भावना उच्च रहेको छ। जनगणना २०६८ अनुसार यहाँ करिव ३१६६ हजार घरपरिवार रहेकोमा २०७८ को जनगणनाको प्रारम्भि प्रतिवेदन अनुसार यस गाउँपालिकामा ३६६४ घरपरिवार रहेकोबाट यहाँ विस्तारै जनसंख्या वृद्धि हुँदै गएको देखिन्छ।यसले यहाँ घर निर्माणको गतिविधि बढ्दै जाने अनुमान गर्न सकिन्छ। यसले नक्सापासबाट राजस्व वृद्धि हुने सम्भावना रहेको देखिन्छ। गत दुई वर्ष सङ्कलन भएको राजस्वको आधारमा नक्सापास दस्तुर वापत प्राप्त हुने राजस्वको प्रक्षेपण गरिएको छ। प्रक्षेपण गर्दा २ वर्षहरूमा प्राप्त औसत यथार्थ रकममा वार्षिक १० प्रतिशतले वृद्धि हुने अनुमान गरी नक्सापास वापत प्राप्त हुने राजस्वको प्रक्षेपण गरिएको छ।

**सुधारको लागि गर्नुपर्ने कार्यहरूः**

- गाउँपालिकावासीलाई भवन संहिता बारे थप जानकारी गराउने र नक्सापासका फाइदाबारे प्रचार प्रसार गर्ने।

- भवनसंहिता अनुरुप नक्सा पासगरी भवन निर्माण भएको नभएको अनुगमन गर्ने ।
- भवन निर्माणको नक्सापासको कामलाई छिटो छरितो बनाउनको लागि आवश्यक प्राविधिक जनशक्तिको व्यवस्थापन तथा नमूना नक्साहरू समेत उपलव्ध गराउने ।

## 4.6 अन्य सम्भावित स्रोतहरू (स्थानीय आर्थिक विकास लगायत)

प्रचलित कानूनअनुसार गाउँपालिकाले कर तथा गैर करका विभिन्न सम्भाव्य क्षेत्रहरूलाई परिचालन गर्न नसक्दा गाउँपालिकाले जनताको चाहना अनुसारको विकास निर्माणको काम गर्न आवश्यक स्रोत आन्तरिक स्रोतबाट जुटाउन कठिन छ । सहरी पूर्वाधारको र अन्य सेवा सुविधाको बढ्दो मागले स्रोतको अभावलाई बढाउँदै लगेको छ । हालको वैधानिक व्यवस्था अनुसार गाउँपालिकाले ऋण, बोण्ड जारी तथा निजी क्षेत्रका सहभागिता मार्फत पूर्वाधार निर्माण गरी रोजगारी अभिवृद्धिका साथसाथै आन्तरिक आयमा समेत वृद्धि गर्न सक्दछ । तर गाउँपालिकाले हाल सम्म यसको प्रयोग गरेको छैन । राजस्व सुधारको लागि मुख्यतः दुई क्षेत्रहरूलाई जोड दिनु आवश्यक हुन्छ । पहिलो, राजस्व प्रशासनमा सुधार गर्नु हो । राजस्व प्रशासनलाई सुदृढीकरण गरी राजस्व सङ्कलन गर्नका लागि गाउँपालिकाले राजस्व प्रशासनमा आवश्यक कर्मचारीको व्यवस्था, सरोकारवालाहरूको सहभागिता, कर शिक्षा प्रणाली तथा अभिमुखीकरण, कर सचेतना सूचना सङ्कलन र अद्यावधिक, दण्ड तथा पुरस्कार आदिलाई प्राथमिकता दिनु पर्दछ । यी बाहेक उक्त कार्य योजनामा स्थानीय आर्थिक विकासका अन्य क्षेत्रहरू जस्तैः पार्क निर्माण, गाउँपालिकाको आफ्नै अतिथिगृह सञ्चालन, माछापालन, बजार केन्द्र, पार्किङ्ग क्षेत्र व्यवस्थापन, गाउँपालिकामा अन्य पसल कवलहरू आदिको निर्माण कार्य गर्न सकिन्छ ।

माथि उल्लेख भएका क्षेत्रहरू गाउँपालिकाको आर्थिक विकास, रोजगारीको सृजना तथा आन्तरिक स्रोत अभिवृद्धि गर्ने क्षेत्र भएकाले गाउँपालिकाले यस्तै प्रकारका थप सम्भाव्यता भएका क्षेत्रहरू खोजी गरी सम्भाव्यताको आधारमा लगानी गर्न गर्नुपर्दछ । यस्ता सम्भाव्य भएका क्षेत्रहरूको आयोजना बैंक तयार गरि आगामी ३ देखि ५ वर्ष भित्र सम्पन्न हुने गरि पूँजीगत लगानीको योजना तयार गर्नुपर्दछ । यसका लागि वित्तीय संस्थाहरूबाट ऋण, नीजि क्षेत्रको लगानी साथसाथै सहकारी र समुदायको सहभागिता मार्फत यस्तो आयोजनाहरूको कार्यान्वयन गर्न सकिएमा गाउँपालिका क्षेत्रमा रोजगारीको अवसर सृजना हुने र दीगो आन्तरिक स्रोतमार्फत गाउँपालिका आत्मनिर्भरतर्फ उन्मुख हुने र नागरिकलाई गुणस्तरीय सेवा प्रवाह गर्न सकिन्छ । परवानीपुर गाउँपालिका दुई वटा सहरी क्षेत्रको विचमा रहेको औद्योगिक करिडोरमा अवस्थित गाउँपालिका भएकोले यस्ता व्यसायिक गतिविधिहरू सञ्चालन गरी आय आर्जन गर्न सकिने सम्भावना उच्च रहेको छ ।

## 4.7 प्रभावकारी राजस्व परिचालनका लागि गरिनुपर्ने कार्यहरू

### कानूनी तथा नीतिगत व्यवस्था

नेपालको संविधान तथा संघीय कानून अनसार प्राप्त राजस्व अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्नको लागि आवश्यक ऐनहरू जस्तै गाउँपालिकाको कर तथा गैर कर ऐन,  (आर्थिक ऐन समेत), विषयगत कानून, नियमावली, कार्यविधिहरू समयमै तयार गरि गाउँसभाबाट पारित गराई कार्यान्वयन गर्न आवश्यक हुन्छ । गाउँपालिकाको मुख्य आन्तरिक स्रोतको रूपमा रहेको सम्पत्ति कर, घर जग्गा बहाल कर, व्यवसाय कर सम्बन्धी कानून बनाउने र सोको कार्यान्वयनका लागि आवश्यक आवश्यक आधारहरू तयार गरी कर सङ्कलन कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउन अत्यन्त आवश्यक देखिन्छ ।

### उपयुक्त संगठन निर्माण, क्षमता विकास र पूर्वाधारको व्यवस्था

राजस्व सम्बन्धी नीति तथा कानूनको प्रभावाकारी कार्यन्यनको गरी राजस्व वृद्धि गर्नको लागि एउटा पूर्वशर्त भनेको प्रभावकारी राजस्व प्रशासन हो। दक्ष र पर्याप्त कर्मचारीहरू, उपयुक्त कार्यस्थल, समयानुकुल उपकरणहरू (कम्प्युटर, सफ्टवेर, आदि), समय समयमा तालिम, अभिमुखीकरण र उत्प्रेरणा पाएका कर्मचारीहरू भएको राजस्व प्रशासनले मात्र प्रभाकारी ढंगले कार्य सम्पादन गरी राजस्वको लक्ष्य हासिल गर्न सकिन्छ।गाउँपालिकाले आफ्नो राजस्व अभिवृद्धिको लागि उपरोक्त कुराहरूमा ध्यान दिन आवश्यक देखिन्छ।

### तथ्याङ्कमा आधारित अभिलेख तथा स्रोतहरूको प्राथमिकीकरण

गाउँपालिकाले सङ्कलन गर्नसक्ने विभिन्न कर, सेवाशुल्क तथा दस्तुरका दायरा तथा दरहरू सम्बन्धी विवरण तयार गर्ने र आवधिकरुपमा अद्यावधिक गर्ने काम गर्दै जानुपर्दछ र यसका साथै राजस्वका विभिन्न नयाँ स्रोतहरूको पहिचान तथा राजस्व सङ्कलन हुँदै आएका विद्यमान स्रोतहरूको दायराको अभिलेख तयार पार्न अति आवश्यक देखिन्छ । परवानीपुर गाउँपालिकाले पनि यसमा काम गर्नुपर्ने देखिन्छ।

### आयमूलक कार्यक्रममा जोड

गाउँपालिकाले आफ्नो वार्षिक कार्यक्रममा स्थानीय आर्थिक विकासका लागि व्यवसायमूलक तथा आय आर्जनमा योगदान पुऱ्याउने खालका कार्यक्रमहरू समावेश गर्नुपर्दछ। यसबाट रोजगारी सिर्जना गर्नमा सहयोग पुग्ने र जनताको गाउँपालिका अर्थात जनप्रतिनिधिहरू प्रतिको धारणा सकारात्मक बन्दै जान्छ।यसो हुनसककेको खण्डमा राजस्वमा समेत सकारात्मक प्रभाव पर्न जान्छ।

### पारदर्शिता र जवाफदेहिता

राजस्व सङ्कलनको लागि नागरिकको मन जित्न आवश्यक हुन्छ। नागिरकको मन जित्नको लागि गाउँपालिकाले पारदर्शिता र नागरिकप्रति जवाफदेहीता बढाउन आबश्यक हुन्छ। साथै गाउँपालिकाले कर तथा गैर करका दर तथा दायरा निर्धारण गर्दा पारदर्शी ढंगले लगाउन आवश्यक हुन्छ।

# परिच्छेद पाँचः राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा गाउँपालिकाको विभिन्न शाखा तथा उपशाखा, मूख्य सूचनादाताहरूसँग गरिएको अन्तरवार्ता, लक्षित समूहहरूसँग गरिएको छलफल जस्ता सहभागितामुलक छलफलबाट प्राप्त सूचनाहरू एवं कार्यशालाबाट प्राप्त सूचनाको आधारमा तयार पारिएको गाउँपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ। यस कार्ययोजनालाई गाउँपालिकाले स्वीकृत गरी कार्यान्वयन गर्ने छ भन्ने आधारमा गाउँपालिकाको आगामी ३ आर्थिक वर्षहरूको लागि गरिएको राजस्व प्रक्षेपणको विवरण पनि यसै परिच्छेदमा प्रस्तुत गरिएको छ।

## 5.1 राजस्व सुधार कार्ययोजना

यस अध्ययनको क्रममा विभिन्न माध्यमबाट सङ्कलन गरिएको सूचनाको आधारमा तयार गरिएको राजस्व सुधार कार्ययोजना देहाय बमोजिम रहेको छ।

**तालिका 25: राजस्व सुधार कार्ययोजना**

| राजस्वका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | कहिले सम्म | आवश्यक बजेट रू | जिम्मवारी |
|---|---|---|---|---|
| **१. कर राजस्व** | | | | |
| सम्पत्ति कर | जग्गाको वर्गीकरण र मूल्यांकन निर्धारण गर्ने | २०८० असार सम्म | ५०००० | राजस्व परामर्श समिति |
| | सम्पत्ति कर सम्बन्धी कार्यविधि बनाउने | २०८० असार सम्म | ५०००० | राजस्व परामर्श समिति र गाउँ कार्यपालिका |
| भूमीकर(मालपोत) | भूमिकर (मालपोत) को प्रयोजनको लागि जग्गाको वर्गीकरण गर्ने | २०८० असार सम्म | ५०००० | राजस्व परामर्श समिति र गाउँ कार्यपालिका |
| | मालपोत कार्यालयसँगको समन्वयमा जग्गाको लगत अद्यावधिक गर्ने | २०८० असार सम्म | २५००० | राजस्व परामर्श समिति र राजस्व शाखा |
| | भूमी कर (मालपोत) सम्बन्धी जनचेतनामूलक कार्यक्रम गर्ने | नियमित | ५०००० | राजस्व परामर्श समिति र राजस्व शाखा |
| घरजग्गा बहाल कर | घर जग्गा बहाल करको लागि वडाका जनप्रतिनिधिहरू मार्फत तथ्याङ्क सङ्कलन गर्ने | नियमित | ५०००० | राजस्व शाखा र वडा समिति |
| | घरजग्गा बहाल कर सम्बन्धी कार्यविधि बनाउने | २०८० असार सम्म | ० | राजस्व परामर्श समिति र गाउँ कार्यपालिका |
| सबारी साधन कर (टाँगा, रिक्सा, अटोरिक्सा आदि) | साना सवारी साधनहरूको तथ्याङ्क तयार पार्ने | २०७९ चैत्र सम्म | २५००० | राजस्व शाखा |
| | साना सवारी साधनलाई नियमिन गर्न आवश्यक कार्यविधि निर्माण | २०८० असार सम्म | ० | राजस्व परामर्श समिति र गाउँ कार्यपालिका |
| व्यवसाय कर | व्यवसाय सञ्चालन स्थलमै गई व्यवसाय दर्ता तथा नवीकरण गराउने | नियमित | ५०००० | राजस्व परामर्श समिति र गाउँ कार्यपालिका |
| | व्यवसाय कर सम्बन्धी कार्यविधि बनाउने | २०७९ चैत्र सम्म | ० | राजस्व परामर्श समिति र गाउँ कार्यपालिका |

| राजस्वका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | कहिले सम्म | आवश्यक बजेट रू | जिम्मवारी |
|---|---|---|---|---|
| विज्ञापन कर | विज्ञापन कर सम्बन्धी कार्यविधि बनाउने | २०७९ चैत्र सम्म | ० | राजस्व परामर्श समिति र गाउँ कार्यपालिका |
| मनोरञ्जन कर | मनोरञ्जन करको सम्भावना बारे अध्ययन गर्ने | २०८० असार सम्म | ५०००० | राजस्व परामर्श समिति, गाउँ कार्यपालिका र राजस्व शाखा |
| जडिबुटी जीवजन्तु कबाडी कर | कबाडी कर सम्बन्धी कार्यविधि बनाउने | २०८० असार सम्म | ० | राजस्व परामर्श समिति र गाउँ कार्यपालिका |
| **२. गैर कर राजस्व** | | | | |
| नक्सापास दस्तुर | नक्सा पास बिना निर्माण भएका संरचनाहरूको निश्चित मापदण्डको आधारमा अध्यावधिक गर्ने | २०८० असार सम्म | ५०००० | राजस्व परामर्श समिति, गाउँ कार्यपालिका र राजस्व शाखा |
| | नक्सापास सम्बन्धी निर्देशिका तयार गर्ने | २०८० असार सम्म | ० | राजस्व परामर्श समिति, गाउँ कार्यपालिका र राजस्व शाखा |
| | नक्सापासको महत्व सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने | नियमित | ० | राजस्व परामर्श समिति, र राजस्व शाखा |
| प्रशासनिक सेवा शुल्क तथा दस्तुर | दरहरूको पुनरावलोकन गर्ने | २०८० असार सम्म | ० | गाउँ सभा, गाउँ कार्यपालिका, राजस्व परामर्श समिति र राजस्व शाखा |
| सरसफाई शुल्क | सरसफाई शुल्क सङ्कलन शुरू गर्ने र सेवा प्रवाहको अनुगमन गर्ने | २०८० असार सम्म र नियमित | ० | राजस्व परामर्श समिति, र राजस्व शाखा |
| बहाल बिटौरी | बहाल बिटौरी सङ्कलन गर्न सकिने स्रोतहरू सम्बन्धि अध्ययन गर्ने | २०८० असार सम्म | ५०००० | राजस्व परामर्श समिति, गाउँ कार्यपालिका र राजस्व शाखा |
| पार्किङ शुल्क | गुदरी बजारमा पार्किङ स्थलको व्यवस्था गर्ने | २०८० असार सम्म | १००००० | गाउँ कार्यपालिका |
| पूर्वाधार उपयोग शुल्क | पूर्वाधार उपयोग शुल्क लगाउन सकिने स्रोतहरूको सम्भाव्यता अध्ययन गर्ने। | २०८० असार सम्म | ५०००० | राजस्व परामर्श समिति, गाउँ कार्यपालिका र राजस्व शाखा |
| **३. आर्थिक विकास र लगानी** | | | | |
| सम्भाव्य आय आर्जनका क्षेत्रको पहिचान, निर्माण, सञ्चालन तथा व्यवस्थापन | आर्थिक संभाव्य देखिएका पूँजीगत लगानीका क्षेत्र पहिचान सम्बन्धी अध्ययन गर्ने | २०८० असार सम्म | ५०००० | राजस्व परामर्श समिति, गाउँ कार्यपालिका र राजस्व शाखा |
| | प्रदेश, संघीय सरकार, वित्तीय संस्था लगायत अन्य निकाय समक्ष प्रस्ताव पेश गर्ने | २०८० असोज सम्म | ५०००० | राजस्व परामर्श समिति, गाउँ कार्यपालिका र राजस्व शाखा |
| **४. राजस्व प्रशासन** | | | | |
| तथ्याङ्क सङ्कलन तथा अभिलेखीकरण | गाउँपालिका भित्र रहेका विभिन्न प्रकारको कर दाताहरूको खण्डीकृत तथ्याङ्क तयार पार्ने | २०८० असोज सम्म | १००००० | राजस्व परामर्श समिति र राजस्व शाखा |

| राजस्वका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | कहिले सम्म | आवश्यक बजेट रू | जिम्मवारी |
|---|---|---|---|---|
| | पावर ब्याकअप सहितको गुणस्तरीय ईन्टरनेटको व्यवस्था गर्ने | तुरुन्त | ५०००० | राजस्व प्रमुख, प्रमुख प्रशसकीय अधिकृत |
| | राजस्व परामर्श समिति तथा व्यवसायीहरूको संयुक्त बैठकहरूको आयोजना गर्ने। | वर्षको २ पटक | ५०००० | राजस्व शाखा प्रमुख, राजस्व परामर्श समितिको संयोजक |
| सूचना तथा पारदर्शिता | अनलाईनपेमन्ट प्रणाली कार्यान्वयनमा ल्याउने | २०८० असार सम्म | १००००० | राजस्व प्रमुख, प्रमुख प्रशसकीय अधिकृत |
| | कर शिक्षा कार्यक्रम सञ्चालन गर्ने | नियमित | ५०००० | राजस्व शाखा प्रमुख, राजस्व परामर्श समितिको संयोजक |
| | गाउँपालिकाको कर तथा गैर कर ऐन बनाउने | २०८० असार सम्म | ५०००० | गाउँ सभा, गाउँकार्यपालिका |
| | वडा तहमा पनि व्यवसायीहरूसँग परामर्श गर्ने | आवश्यकता अनुसार | २५००० | राजस्व प्रमुख, वड समिति |
| अनुगमन | घरजग्गा बहाल, बहाल विटौरी, र व्यवसाय कर आदिको स्थलगत अनुगमन गर्ने | नियमित | ५०००० | राजस्व शाखा प्रमुख, राजस्व परामर्श समिति |
| प्रोत्साहन र दण्ड | धेरै, समयमा र नियमित कर तिर्ने करदातालाई सम्मान गर्ने (जस्तै कदरपत्र प्रदान गर्ने )। | वार्षिक रुपमा | ५०००० | प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा प्रमुख, राजस्व परामर्श समितिको संयोजक |
| **५. राजस्व सङ्कलन** | | | | |
| अन्य | अन्य यस्तै प्रकृतिका गाउँपालिकाहरूको राजस्व प्रशासन सम्बन्धी सिकाईको लागि राजस्व परामर्श समितिको भ्रमण आयोजना गर्ने | वार्षिक रुपमा | ५०००० | प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा प्रमुख, राजस्व परामर्श समितिको संयोजक |
| | राजस्व सम्बन्धी कामगर्ने वडा तहका कर्मचारीहरूको क्षमता विकास | वार्षिक रुपमा | ५०००० | प्रमुख प्रशासकीय अधिकृत र राजस्व शाखा प्रमुख |
| | नीजि क्षेत्र, र अन्य सरोकारवालाहरूसँग वैठक अन्तरक्रिया गर्ने | नियमित | २५००० | राजस्व शाखा प्रमुख, राजस्व परामर्श समितिको संयोजक |
| | राजस्व, लेखा र योजना शाखाका प्रमुखहरूलाई योजना तथा वित्त व्यवस्थापन सम्बन्धी तालिम | वार्षिक रुपमा | २५००० | प्रमुख प्रशासकीय अधिकृत,लेखा प्रमुख र राजस्व शाखा प्रमुख |
| | वडा अध्यक्ष र सचिवहरूको लागि वडा तहको सेवा शुल्क तथा दस्तुर सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने | हरेक वर्ष श्रावण भित्र | २५००० | राजस्व शाखा प्रमुख, राजस्व परामर्श समितिको संयोजक |

*स्रोतः गाउँपालिकास्तरीय छलफल तथा कार्यशाला, २०७९*

# परिच्छेद छः आगामी तीन वर्षको आय प्रक्षेपण

करदाताको संख्या, वर्तमान करको दर, विगतको प्रवृत्ति आदिका आधारमा यस गाउँपालिकाको आगामी ३ आर्थिक वर्षको राजस्वको प्रक्षेपण यस परिच्छेदमा प्रस्तुत गरिएको छ। यो प्रक्षेपण गाउँपालिकाको पछिल्ला २ आर्थिक वर्षहरुको यथार्थ तथा प्रस्तावित राजस्व र प्रस्तुत राजस्व सुधार कार्ययोजनालाई आधार मानी गरिएको हो।

## 6.1 राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

गाउँपालिकाको राजस्वको कुल सम्भाव्यता, विगत वर्षहरुमा भएको वार्षिक वृद्धिको प्रवृत्ति, कार्ययोजनाले औल्याएका सुधारका क्षेत्रहरुको कार्यान्वयन भएको हुने मान्यता समेतको आधारमा देहाय अनुसार राजस्व प्रक्षेपण गरिएको छ। शीर्षकगत रुपमा आन्तरिक राजस्व सम्भाव्यता विश्लेषणको आधारमा यो संलग्न गरिएको छ।

## 6.2 गाउँपालिकाको आगामी ३ आर्थिक वर्षको राजस्व प्रक्षेपण

**तालिका 26: गाउँपालिकाको आगामी ३ आर्थिक वर्षहरूको राजस्व प्रक्षेपण**

| क्र.स. | राजस्व शीर्षकहरु | विगत तीन आर्थिक वर्षको औसत | आ. व. २०७९/८० को अनुमान | कुल सम्भाव्य राजस्व रु. | आ. व. २०८०/८१ को दायरा | आ. व. २०८१/८२ को दायरा | आ. व. २०८२/८३ को दायरा | प्रक्षेपणको आधारहरु |
|---|---|---|---|---|---|---|---|---|
| **क.** | **कर राजस्व** | | | | | | | |
| १ | सम्पत्ति कर | 178,000 | 500,000 | 18,332,099 | 9,166,049 | 10,999,259 | 13,749,074 | तालिका नं. १४ र १५ |
| २ | भूमिकर (मालपोत) | 5,683,333 | 8,200,000 | 974,505 | 450,339 | 499,065 | 547,790 | तालिका नं. १६ |
| ३ | घरजग्गा वहाल कर | 7,931,195 | 15,250,000 | 9,378,000 | 6,564,600 | 7,033,500 | 8,440,200 | तालिका नं. १७ र १८ |
| ४ | सवारी साधन कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | - | 100,000 | 100,000 | 60,000 | 70,000 | 80,000 | कूल सम्भाव्यता रकमलाइ आधार मानी आगामी तीन वर्षको प्रक्षेपण गरिएको (तालिका नं. २१) |
| ५ | व्यवसाय कर | 313,500 | 900,000 | 659,250 | 622,313 | 732,670 | 852,508 | उद्योग व्यवसायको सङ्ख्या ५%ले वृद्धि हुन्छ भन्ने अनुमान तालिका नं. १९ र २० |
| ६ | विज्ञापन कर | - | - | 100,000 | 100,000 | 100,000 | 100,000 | अनुमानित अंकलाइ नै स्थिर राखी प्रक्षेपण गरिएको(तालिका नं. २२) |
| ७ | मनोरञ्जन कर | - | 400,000 | 400,000 | 400,000 | 400,000 | 400,000 | अनुमानित अंकलाइ नै स्थिर राखी प्रक्षेपण गरिएको |
| ८ | जडीबुटी, कवाडी र जीवजन्तु कर | - | 2,011,000 | 2,011,000 | 2,011,000 | 2,011,000 | 2,011,000 | अनुमानित अंकलाइ नै स्थिर राखी प्रक्षेपण गरिएको (तालिका नं. २३) |
| ९ | अन्य कर | 6,839,961 | 300,000 | 300,000 | 330,000 | 363,000 | 399,300 | १० प्रतिशतले वृद्धि हुने अनुमान |
| | **जम्मा** | **20,945,988** | **27,661,000** | **32,254,854** | **19,704,301** | **22,208,494** | **26,579,872** | |
| **ख.** | **गैरकर** | | | | | | | |
| १ | रेडियो एफ.एम. | - | 100,000 | 100,000 | 100,000 | 100,000 | 100,000 | अनुमानित अंकलाइ नै स्थिर राखी प्रक्षेपण गरिएको |
| २ | वहाल विटौरी शुल्क | 12,500 | 1,300,000 | 1,300,000 | 4,598,000 | 5,057,800 | 5,563,580 | तालिका नं. २४ |
| ३ | न्यायिक दस्तुर | - | 100,000 | 100,000 | 100,000 | 100,000 | 100,000 | अनुमानित अंकलाइ नै स्थिर राखी प्रक्षेपण गरिएको |
| ४ | अन्य प्रशासनिक सेवा शुल्क | - | 1,000,000 | 1,000,000 | 1,000,000 | 1,000,000 | 1,000,000 | अनुमानित अंकलाइ नै स्थिर राखी प्रक्षेपण गरिएको |

| क्र.स. | राजस्व शीर्षकहरु | विगत तीन आर्थिक वर्षको औसत | आ. व. २०७९/८० को अनुमान | कुल सम्भाव्य राजस्व रु. | आ. व. २०८०/८१ को दायरा | आ. व. २०८१/८२ को दायरा | आ. व. २०८२/८३ को दायरा | प्रक्षेपणको आधारहरु |
|---|---|---|---|---|---|---|---|---|
| ५ | नक्सापास दस्तुर | 716,202 | 4,000,000 | 4,000,000 | 787,822 | 866,604 | 953,265 | दुई आ.व.को सरदर यथार्थलाई आधार मानी प्रतिवर्ष १०% वृद्धि हुनेगरी प्रक्षेपण गरिएको |
| ६ | सिफारिस दस्तुर | 238,730 | 1,000,000 | 1,000,000 | 262,602 | 288,863 | 317,749 | दुई आ.व.को सरदर यथार्थलाई आधार मानी प्रतिवर्ष १०% वृद्धि हुनेगरी प्रक्षेपण गरिएको |
| ७ | व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क | 59,471 | 700,000 | 700,000 | 65,418 | 71,959 | 79,155 | दुई आ.व.को सरदर यथार्थलाई आधार मानी प्रतिवर्ष १०% वृद्धि हुनेगरी प्रक्षेपण गरिएको |
| ८ | नाता प्रमाणित दस्तुर | 5,100 | 400,000 | 400,000 | 5,610 | 6,171 | 6,788 | दुई आ.व.को सरदर यथार्थलाई आधार मानी प्रतिवर्ष १०% वृद्धि हुनेगरी प्रक्षेपण गरिएको |
| ९ | अन्य दस्तुर | 589,762 | 800,000 | 800,000 | 648,738 | 713,612 | 784,973 | दुई आ.व.को सरदर यथार्थलाई आधार मानी प्रतिवर्ष १०% वृद्धि हुनेगरी प्रक्षेपण गरिएको |
| १० | प्रशासनिक दण्ड जरिवाना | - | - | - | | | | |
| ११ | अन्य राजस्व | 2,832,686 | 200,000 | 200,000 | 3,115,954 | 3,427,549 | 3,770,304 | दुई आ.व.को सरदर यथार्थलाई आधार मानी प्रतिवर्ष १०% वृद्धि हुनेगरी प्रक्षेपण गरिएको |
| १२ | न्यायिक दण्ड जरिवाना जफत | - | 348,000 | 348,000 | 348,000 | 348,000 | 348,000 | अनुमानित अंकलाइ नै स्थिर राखी प्रक्षेपण गरिएको |
| १३ | पार्किङ्ग शुल्क | - | 200,000 | 200,000 | 200,000 | 200,000 | 200,000 | अनुमानित अंकलाइ नै स्थिर राखी प्रक्षेपण गरिएको |
| १४ | शिक्षा क्षेत्रको आम्दानी | 3,175 | 100,000 | 100,000 | 3,493 | 3,842 | 4,226 | दुई आ.व.को सरदर यथार्थलाई आधार मानी प्रतिवर्ष १०% वृद्धि हुनेगरी प्रक्षेपण गरिएको |
| १५ | परीक्षा शुल्क | 43,700 | 500,000 | 500,000 | 48,070 | 52,877 | 58,165 | दुई आ.व.को सरदर यथार्थलाई आधार मानी प्रतिवर्ष १०% वृद्धि हुनेगरी प्रक्षेपण गरिएको |

| क्र.स. | राजस्व शीर्षकहरु | विगत तीन आर्थिक वर्षको औसत | आ. व. २०७९/८० को अनुमान | कुल सम्भाव्य राजस्व रु. | आ. व. २०८०/८१ को दायरा | आ. व. २०८१/८२ को दायरा | आ. व. २०८२/८३ को दायरा | प्रक्षेपणको आधारहरु |
|---|---|---|---|---|---|---|---|---|
| १६ | सरकारी सम्पत्ति तथा अन्य बिक्रीबाट प्राप्त आय | - | 100,000 | 100,000 | 100,000 | 100,000 | 100,000 | अनुमानित अंकलाइ नै स्थिर राखी प्रक्षेपण गरिएको |
| १७ | अन्य क्षेत्रको आय | - | 600,000 | 600,000 | 600,000 | 600,000 | 600,000 | अनुमानित अंकलाइ नै स्थिर राखी प्रक्षेपण गरिएको |
| १८ | प्रदुषण नियन्त्रण शुल्क | - | 100,000 | 100,000 | 100,000 | 100,000 | 100,000 | अनुमानित अंकलाइ नै स्थिर राखी प्रक्षेपण गरिएको |
| १९ | पर्यटन शुल्क | - | 100,000 | 100,000 | 100,000 | 100,000 | 100,000 | अनुमानित अंकलाइ नै स्थिर राखी प्रक्षेपण गरिएको |
| | **जम्मा** | **4,501,325** | **11,648,000** | **11,648,000** | **11,383,707** | **12,337,278** | **13,386,205** | |
| | **जम्मा कर तथा गैरकर** | **25,447,312** | **39,309,000** | | **31,088,008** | **34,545,772** | **39,966,077** | |

# परिच्छेद सातः अपेक्षित नतिजा, रणनीति र कार्यनीति

## 7.1 अपेक्षित नतिजा

यस राजस्व सुधार कार्ययोजना कार्यन्वयनबाट निम्न अनुसारको नतिजा हासिल हुने अपेक्षा गरिएको छ ।

**दीर्घकालिन नतिजा (प्रभाव)**

परवानीपुर गाउँपालिकाको आन्तरिक राजस्वमा उल्लेख्य वृद्धि भएको हुनेछ।

**मध्यमकालिन नतिजा (असर)**

१. संवैधानिक अधिकार तथा सम्भाव्यता अनुसारको सबै स्रोतहरूबाट राजस्व प्राप्त भएको हुनेछ।
२. सङ्कलन हुँदै आएको करको दायरा थप फराकिलो भएको हुनेछ।

**तात्कालिक नतिजा (प्रतिफल)**

१. राजस्व शाखा वा राजस्व सङ्कलन कार्यमा संलग्न कर्मचारीहरूको कार्य सम्पादन क्षमतामा सुधार आएको हुनेछ।
२. राजस्व परामर्श समितिको आफ्नो भूमिका थप प्रभावकारी भएको हुनेछ।
३. राजस्व प्रशासनमा सुधार भएको हुनेछ।
४. गाउँपालिका, अन्य सम्बन्धित निकायहरू र करदाताहरू विचको समन्वय र सहकार्य वृद्धि भएको हुनेछ ।

माथि उल्लेखित नतिजाहरू हासिल गर्नको लागि निम्न अनुसारका रणनीतिहरू तथा तदअनुरूपका कार्यनीतिहरू अवलम्बन गरिनेछ ।

## 7.2 रणनीति तथा कार्यनीतिहरू

यस राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनको लागि निम्न अनुसारको रणनीति तथा कार्यनीतिहरु तय गरिएका छन् ।

**तालिका 27: रणनीति तथा कार्यनीतिहरु**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. कानूनी तथा नीतिगत व्यवस्थापन गर्ने। | मालपोत, सम्पत्ति कर, व्यवसाय कर, घरजग्गा बहाल कर जस्ता गाउँपालिकाको प्रमुख राजस्व स्रोतहरू सम्बन्धी कानूनहरू बनाईनेछ र कार्यान्वयन गरिनेछ। |
| | कर तथा गैर कर सम्बन्धी विभिन्न विषयहरू जस्तै दर निर्धारण, सङ्कलन, छुट, त्यसको परिपालना आदिको लागि कार्यविधिहरू तयार गरिनेछ। |
| | व्यवसाय करका करदाताहरूलाई करको दायरामा ल्याउन निश्चित समयको लागि निश्चित प्रतिशत छुटको व्यवस्था मिलाईने छ । |
| | आन्तरिक राजस्व कार्यालय तथा घरेलु कार्यालयमा व्यवसाय दर्ता गाउँपालिकाको सिफारिस आवश्यक पर्ने व्यवस्था मिलाईने छ । |
| | गाउँपालिकाले लागु गरेका करहरूलाई गाउँपालिकाले प्रदान गर्ने अत्यावश्यक बाहेकका सेवा सुविधासँग आवद्ध गरिनेछ । |
| | विषय/शीर्षक नखुलेका सेवा शुल्क तथा दस्तुरहरूको पहिचान गरिनेछ र त्यस सम्बन्धी आवश्यक कानूनी व्यवस्था व्यवस्था मिलाईनेछ । |
| | सम्पत्ति करको दर निर्धारणको लागि आवश्यक मूल्यांकनको लागि विज्ञ सहितको एक मूल्यांकन समिति बनाईने छ। |
| | चार किल्ला सिफारिस दिंदा नक्सापासलाई अनिवार्य गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
| --- | --- |
| २. प्रभावकारी राजस्व प्रशासनको व्यवस्था गर्ने। | जनप्रतिनिधि तथा कर्मचारीहरूको लागि क्षमता विकासको अवसर र उपयुक्त पूर्वाधारको व्यवस्था गरिनेछ। |
| | राजस्व शाखाको लागि कम्प्युटर, सफ्टवेयर,र सूचना प्रणालीको आदिको समयानुकुल सुधार गर्दै लगिनेछ । |
| | वडा कार्यालयहरूमा समेत राजस्व सङ्कलन सहयोग पुग्ने गरी पूर्वाधार (कम्प्युटर, सफ्टवेयर,र सूचना प्रणाली)को सुधार गरिनेछ । |
| | व्यवसायहरूको पूँजिको आधारमा व्यवसायहरूको वर्गीकरण गरी दर्ता तथा नवीकरणको दर निर्धारण गरिनेछ । |
| | नक्सापास गरी घर बनाउन पर्ने कानूनी व्यवस्थालाई कडाईका साथ कार्यान्यिन गरिनेछ । |
| | सम्पत्ति कर व्यवस्थापन कार्यविधि २०७४ लाई पूर्णरुपमा कार्यान्वयना ल्याउने |
| ३. करसँग सम्बन्धित तथ्याङ्काधार तयार गर्ने । | मालपोत, सम्पत्ति कर, घर जग्गा बहाल कर, व्यवसाय कर जस्ता गाउँपालिकाको प्रमुख आय स्रोतको अनुमान विश्वसनीय तथ्यांकीय आधारमा तयार गरिनेछ । |
| | सम्भावित विभिन्न कर, शुल्क तथा दस्तुरका दायरा तथा दरहरूको खण्डीकृत विवरण तयार गरी आवधिकरुपमा अद्यावधिक गरिनेछ । |
| | गाउँपालिकमा रहेका करदाताहरूको तथ्याङ्क नियमित रूपमा अध्यावधिक गरिनेछ। |
| | एउटा करदाताले तिर्नु पर्ने वा तिरेका सबै करहरूलाई एक ठाउँमा देखिने व्यवस्था मिलाउने गरी सफ्टवेरको स्तरोन्नती गरिनेछ । |
| | व्यवसायहरूको तथ्याङ्क सङ्कलन गर्ने कार्यमा जनप्रतिनिधिहरू समेत परिचालन गरिनेछ । |
| ४. करदाताहरूलाई कर÷शुल्कको महत्वको बारेमा जानकारी गराउने । | गाउँपालिकाले लगाउने विभिन्न कर तथा गैर कर सम्बन्धी जनचेतना अभवृद्धि गरिनेछ। |
| | मोबाइल एप, वेबसाइट आदिको माध्यमबाट कर व्यवस्था सम्बन्धी सूचना दिने। |
| | व्यवसायीहरू, उद्योगपतीहरूसँग समय समयमा छलफल र अन्तरक्रिया गरिनेछ । |
| | नियमित रूपमा कर तिर्ने वा सबै भन्दा भढि कर तिर्ने करदातालाई सम्मान गरिनेछ । |
| ५. सरल, चुस्त कर असुली प्रणालीको व्यवस्था गर्ने । | कतिपय करदाताहरूलाई स्वयम् कर घोषणाको सुविधा प्रदान गरिनेछ। |
| | समयमै कर तिर्नेलाई छुटको र ढिलो गरिएमा जरिवानाको व्यवस्था गरिनेछ । |
| | राजस्व सङ्कलनको लागि अनलाईन पेमेन्टको व्यवस्था मिलाईने छ । |
| | राजस्व क्षमताको आधारमा सबै भन्दा बढि राजस्व सङ्कलन गर्ने वडालाई सम्मान गरिनेछ । |
| | सम्पत्ति कर, मालपोत, घरजग्गा बहालकर जस्ता करहरू गाउँपालिकाको कार्यालय तथा वडा कार्यालय दुबै ठाउँबाट तिर्न सकिने व्यवस्था मिलाईने छ । |
| | व्यावासाय स्थलमै गएर व्यवसाय करको दर्ता तथा नवीकरणको व्यवस्था मिलाईनेछ । |
| ६. आन्तरिक राजस्व परिचालनको पारदर्शिता र जवाफदेहिता वृद्धि गर्ने । | गाउँपालिकाले लगाउने करको दर तथा दायरा निर्धारण गर्दा सरोकारवालाहरू तथा मुख्य करदाताहरूसँग छलफल गरिनेछ । |
| | गाउँपालिकाको आय व्ययको विवरण आवधिक रूपमा प्रकाशन गरिनेछ। |
| | सङ्कलित राजस्व शीर्षकगत र वडागतरुपमा खण्डीकृत विवरण आवधिक रुपमा सार्वजनिक गरिनेछ। |
| | वडाको लागि बजेट विनियोजन गर्दा वडाको राजस्व सङ्कलनको प्रभावकारितालाई पनि एउटा आधार रहने गरी मापदण्ड बनाईने छ। |
| ७. आयवृद्धि हुने खालका कार्यक्रम सञ्चालन गर्ने । | गाउँपालिकाले आफ्नो योजनाहरूमा स्थानीय आर्थिक विकासका लागि आयमूलक कार्यहरूमा योगदान पुऱ्याउने कार्यक्रमहरूलाई समावेश गरिनेछ र कार्यान्वयन गरिनेछ । |
| | सम्भावित स्थानहरूमा हाटबजार तथा थप सटरहरू निर्माण गरी सञ्चालन गरिनेछ । |
| | मेला महोत्सव आयोजना गरिने/गराईने छ। |
| | अन्य सम्भाव्यताको बारे अध्ययन गरिनेछ। |
| | सम्भाव्य क्षेत्रमा लगानी गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ। |
| | बजार क्षेत्रमा पार्किङको व्यवस्था गरी राजस्व सङ्कलन गरिनेछ। |
| | लिपनीमाल बजार लगायत अन्य ठाउँहरूमा शुल्क सहितको फोहोर व्यस्थापन गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | गाउँपालिकामा भएको पर्तिजग्गा पहिचान गरी सो जग्गामा हाट बजार, सटर निर्माण तथा अन्य सम्भाव्य कार्यक्रम सञ्चालन गरिनेछ। |
| ८. राजस्व अनुगमनको व्यवस्था गर्ने। | कार्ययोजनामा प्रस्ताव गरिए अनुसारको अनुगमन संयन्त्रहरूको गठन र परिचालन गरिनेछ। |
| | कर परीक्षणको संस्थागत व्यवस्था गरिनेछ र कर परीक्षण गरिनेछ। |
| | राजस्व परिचालनको अवस्थाको नियमित (कम्तिमा ३ महिनामा १ पटक) समिक्षा गरिने छ। |
| | व्यवसाय तथा घरजग्गा सम्बन्धी स्थलगत अनुगमन कार्यमा व्यवसायीहरूलाई समेत समाबेश गराईनेछ। |
| ९. राजस्व परामर्श समितिलाई थप प्रभाकारी बनाउने | राजस्व परामर्श समितिको बैठक मासिकरूपमा आयोजना गरिनेछ। |
| | राजस्व परामर्श समिति तथा व्यवसायीहरूलाई सक्रिय बनाईनेछ। |
| | राजस्व परामर्श समितिको क्षमता विकास गरिनेछ। |
| १०. समन्वय र सहाकार्य वृद्धि गर्ने। | व्यवसाय कर, घरजग्गा बहाल कर, विज्ञापन कर जस्ता व्यवसायीहरूसँग प्रतक्ष्य सरोकार राख्ने विषयहरूमा व्यवसायिकहरूसँग समन्वय गरिनेछ। |
| | राजस्व प्रशासन, राजस्व परामर्श समिति तथा वडा सचिवहरूको क्षमता वृद्धिको लागि प्रदेश तथा संघीय सरकारका निकायहरूसँग समन्वय गरिनेछ। |
| | गाउँपालिकाको आन्तरिक राजस्वमा योगदान पुर्‍याउन सक्ने परियोजनाहरूको पहिचान भएमा कार्यान्वयनको लागि प्रदेश तथा संघीय सरकार तथा दातृ निकायहरूसँग समन्वय गरिनेछ। |

# परिच्छेद आठः अनुगमन तथा मूल्याङ्कन

## 8.1 पृष्ठभूमि

योजनाको सार्थकताको प्रमुख मानक त्यसको प्रभावकारी कार्यान्वयन हो। योजना कार्यान्वयनमा प्रभावकारिताका लागि कार्यकुशलता, स्रोत साधनको उचित व्यवस्थापन र परिचालनका लागि उपयुक्त अनुगमन सम्बन्धी स्पष्ट विधि र संयन्त्र किटान हुनु जरुरी हुन्छ । अन्य योजनामा जस्तै राजस्व सुधार कार्ययोजनामा समाबेश भएका कृयाकलापहरुको कार्यान्वयन सुनिश्चितताका लागि यसको नियमित र भरपर्दो अनुगमनको व्यवस्था गरिनेछ।

राजस्व सुधार कार्ययोजनामा समावेश भएका कृयाकलापहरुको योजना अनुरुप कार्यान्वयन गरी अपेक्षित प्रतिफल हासिल गर्न सोको नियमित र भरपर्दो अनुगमनको प्रबन्ध गरिनु पर्ने हुन्छ। तसर्थ, यस कार्ययोजनामा अनुगमन सम्बन्धी व्यवस्थालाई योजनाको अनिवार्य अंगका रुपमा समावेश गरिएको हो । यस परिच्छेदमा राजस्व सुधार कार्ययोजना कार्यान्वयनका क्रममा गर्नुपर्ने अनुगमन विधि र प्रक्रियाहरु समावेश गरिएको छ।

## 8.2 अनुगमन

कुनै पनि योजना वा कार्यक्रम अपेक्षित गति, गुणस्तर र सही दिशामा अनुसार अघि बढि भइरहेको छ छैन भन्ने कुरा योजना वा कार्यक्रम कार्यान्वयन कै क्रममा थाहा पाउन जरूरी हुन्छ। यसरी समयमै जानकारी हुन सकेमा योजना तथा कार्यक्रमहरुलाई आवश्यकता अनुसार परिमार्जन गरी सही दिशा दिन सकिन्छ । गाउँपालिकाको आफ्नो राजस्व अभिवृद्धिको लागि तयार गरेको यस राजस्व सुधार कार्ययोजना तथा अन्य सुझावहरुको प्रभावकारी कार्यान्वयन मार्फत कार्ययोजनाको निर्दिष्ट लक्ष्य, उद्देश्य तथा अपेक्षित प्रतिफल हासिल गर्न सघाउ पुऱ्याउन यो अनुगमन ढाँचा तयार गरिएको हो।

## 8.3 मूल्याङ्कन

मूल्याङ्कन कुनैपनि योजनाको चक्रको अन्तिम चरणमा गरिने क्रियाकलाप हो। यो योजना सम्पन्न भएको सामान्यतया दुई वर्षपछि गरिन्छ र योजनाको मध्य अवधिमा मध्यावधि मूल्याङ्कन गर्ने चलन पनि छ । योजना मूल्याङ्कनले सञ्चालित आयोजना तथा कार्यक्रमहरु समय सान्दर्भिक र औचित्यपूर्ण थिए वा थिएनन्, समयानुकूल थिए वा थिएनन् ती योजना कार्यक्रम आफैँमा आवश्यक थिए वा थिएनन् भन्ने विषयमा तथ्यमा आधारित रही जानकारी गराउँदछ । यसबाट मूलतः योजानाले राखेका योजनाले राखेका अपेक्षित लक्ष्य, उद्देश्य तथा उपलब्धीहरु हासिल भए वा भएन ? नभएमा के कस्ता कमजोरी रहे भन्ने समेत देखाउँछ।

## 8.4 अनुगमन योजना

राजस्व सुधार योजनाको नियमित अनुगमनको व्यवस्थासँगै कार्ययोजनालाई वार्षिक रुपमा परिमार्जन तथा अद्यावधिक गर्न आवश्यक हुन्छ।. खासगरी योजनामा प्रक्षेपण गरिएको आयलाई विभिन्न बाह्य तत्वहरुले प्रभाव पार्ने हुँदा त्यस्ता परिवर्तनलाई वार्षिक रुपमा अध्यावधिक गर्न आवश्यक छ। कर तथा गैरकरका दरहरुमा आउने परिवर्तन र कतिपय राजस्वको स्रोत आधारमा आउने परिवर्तनले पनि प्रक्षेपित राजस्वमा प्रभाव पार्न सक्दछ।.

कतिपय प्रस्तावित कृयाकलापहरु सम्पन्न गर्न नसकिने र कतिपय क्रियाकलाप थप कार्यान्वयन गर्न सकिने अवस्था पनि उत्पन्न हुन सक्दछ। राजस्वका नयाँ स्रोत थप हुने वा भैरहेका क्षेत्रमा संघीय वा प्रदेश कानून वा नीतिको कारण स्थानीय तहको राजस्व कानून, नीति र आधारहरुमा प्रभाव पर्ने अवस्थामा पनि राजस्व सुधार कार्ययोजनामा परिमार्जन जरुरी हुन सक्दछ। यी सबै विषयहरुलाई राजस्व सुधार कार्ययोजना कार्यान्वयनमा ध्यान दिनु आवश्यक छ।

## 8.5 अनुगमन विधि तथा प्रक्रियाहरु

राजस्व शाखाले यस राजस्व सुधार कार्ययोजनामा समाबेश गरिएका क्रियाकलापहरुको विषयमा कम्तीमा प्रत्येक त्रैमासिक त्रैमासिक रूपमा प्रगति विवरण तयार गरी अनुगमन तथा मूल्यांकन समितिको बैठकमा प्रस्तुत गरी छलफल गर्ने व्यवस्था मिलाउनु पर्दछ । यसरी छलफल गरी समितिको तहबाटै समाधान हुने विषय तत्काल समाधान गर्ने र समितिको क्षेत्राधिकार भन्दा माथिका विषयहरुमा समितिको राय सहितको प्रतिवेदन स्थानीय राजस्व परामर्श मार्फत कार्यपालिकामा प्रस्तुत गरी छलफल गर्ने र समाधानका उपायहरु खोजी गर्ने प्रकृयाको अवलम्बन गरिनेछ । साथै वडा तहको अनुगमन समितिले पनि त्रैमासिक रूपमा अनुगमन गरी उपप्रमुखको संयोजकत्वमा रहेको अनुगमन तथा मूल्यांकन समितिमा पेश गरिनेछ ।

राजस्व सुधार कार्ययोजनाको नियमित अनुगमनको व्यवस्थासँगै कार्ययोजनालाई कार्यान्वयनको अनुभवको आधारमा वार्षिक रुपमा परिमार्जन तथा अद्यावधिक गरिनेछ । प्रतिवेदन कार्यान्वयनका चरणहरुमा यी सबै विषयहरुलाई ध्यान दिइनेछ ।

**(क) अनुगमनको जिम्मेवारी र समस्याको समाधानः**

राजस्व सुधार कार्ययोजनाको अनुगमनमा स्थानीय राजस्व परामर्श समिति र कार्यपालिकाको मुख्य भूमिका हुन्छ । साथै, राजस्व शाखा/उपशाखा र प्रमुख प्रशासकीय अधिकृतले प्रशासनिक रुपमा अनुगमन तथा मूल्यांकनको कार्यलाई सहयोग पुर्‍याउनु पर्दछ । राजस्व शाखाले कार्ययोजनामा समाबेश भएका कृयाकलापहरुको विषयमा कम्तीमा प्रत्येक त्रैमासिक अवधिमा लक्ष्य र प्रगतिको विबरण तयार गरी स्थानीय राजस्व परामर्श समितिको बैठकमा प्रस्तुत गर्ने र छलफलका लागि सहयोग गर्न आवश्यक हुन्छ .। यसरी छलफल गर्दा समितिको तहबाटै समाधान हुने विषय तत्काल समाधान गर्ने र समाधान हुन नसकेका विषयहरुको प्रतिबेदन तत्काल बस्ने कार्यपालिकाको बैठकमा प्रस्तुत गरी समाधानका उपायहरु खोजी गरिनेछ ।

**(ख) सिकाईलाई योजनामा समावेश गर्ने आवधिक पुनरावलोकन र परिमार्जनः**

राजस्व सुधार कार्ययोजनाको नियमित अनुगमनबाट प्राप्त सिकाई र देखिएका कमी कमजोरी र नयाँ उत्पन्न हुने विषयहरुलाई समावेश गरी वार्षिक रुपमा परिमार्जन एवं अद्यावधिक गरी योजनालाई अझ व्यवहारिक र कार्यान्वयन योग्य भई अपेक्षित उपलब्धि हासिल गर्न सहज बनाईनेछ ।.

**(ग) अनुगमनमा ध्यान दिनुपर्ने पक्षहरूः**

राजस्व सुधार कार्ययोजनाको अनुगमनबाट परवानीपुर गाउँपालिकाले लिएको राजस्व सम्बन्धी नीति र योजनाको उचित रुपमा कार्यान्वयन भए नभएको, राजस्व असुलीको प्रवृत्ति लक्ष्य अनुरुप भए नभएको, राजस्व प्रशासनमा कुनै समस्या भए नभएको, सुधारका लागि गरिएका निर्णय कार्यान्वयन भए नभएको, अभिलेख दुरुस्त राखे नराखेको, निर्धारित अवधिमा राजस्वलाई गाउँपालिकाको सञ्चित कोषमा दाखिला गरे नगरेको जस्ता कुराहरुलाई हेरिनेछ । नियमित रुपमा गरिने अनुगमनबाट अद्यावधिक सूचना प्राप्त गर्ने र आवश्यकता अनुसार निर्णय तथा निर्देशनका लागि कार्यपालिकामा सिफारिस गरिनेछ ।

### (घ) राजस्व सुधार कार्ययोजनाको अनुगमन योजनाः

प्रस्तुत राजस्व सुधार कार्ययोजनाको देहाय बमोजिम अनुगमन तथा मूल्याङ्कन गरिनेछः

**तालिका 28: अनुगमन योजना**

| के अनुगमन गर्ने ? | कसले अनुगमन गर्ने? | कहिले अनुगमन गर्ने ? | कसरी अनुगमन गर्ने ? |
|---|---|---|---|
| राजस्व असुली | राजस्व शाखा प्रमुख | दैनिक, मासिक, त्रैमासिक, र वार्षिक | • सफ्टवेयरबाट राजस्व असुलीको अनुगमन गर्ने<br>• निर्धारित नाकाहरुको स्थलगत अनुगमन गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य तथा प्रगति अनुगमन गर्ने |
| राजस्व प्रशासन | प्रमुख प्रशाकीय अधिकृत | मासिक, त्रैमासिक र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य र प्रगतिको तुलना गर्ने |
| राजस्व सुधार योजना | स्थानीय राजस्व परामर्श समिति, कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत | मासिक, त्रैमासिक र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य र प्रगतिको लेखाजोखा गर्ने |
| समन्वय तथा सहकार्य | कार्यपालिका, स्थानीय राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा | मासिक, त्रैमासिक र वार्षिक | • समन्वय र सहजीकरण गर्ने<br>• मार्गदर्शन तथा निर्देशन दिने<br>• आइपरेका समस्याको यथाशीघ्र समाधान गर्ने |
| राजस्व नीति | गाउँसभा, कार्यपालिका, स्थानीय राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत राजस्व शाखा , | अर्ध वार्षिक र वार्षिक | • लिइएका राजस्व सम्बन्धी नीतिको पुनरावलोकन गरी आवश्यक परिमार्जन गर्ने, सिफारिस गर्ने।<br>• राजस्वका प्रभावकारी सङ्कलन, परिचालनका लागि लिनु पर्ने नीतिगत व्यवस्था गर्ने, गर्न सहयोग गर्ने। |
| राजस्व प्रतिवेदन | गाउँसभा, कार्यपालिका, स्थानीय राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत, लेखापरीक्षक राजस्व शाखा | मासिक, त्रैमासिक र वार्षिक | • मासिक, त्रैमासिक तथा वार्षिक लक्ष्य र प्रगति प्रतिवेदनहरु सम्बन्धी तुलनात्मक विश्लेषण गर्ने,<br>• आवश्यक रणनीति तथा कार्यनीति सिफारिस गर्ने,<br>• सुझाव तथा पृष्ठपोषण र निर्देशन प्रदान गर्ने |
| समिक्षा | स्थानीय राजस्व परामर्श समिति | त्रैमासिक रवार्षिक | • लक्ष्य र उपलब्धि सहित सिकाई र सवालहरुको प्रस्तुति र सुधारको पृष्ठपोषण प्राप्त गरी आगामी मार्गचित्र तयार गर्ने |

*नोटः राजस्वका स्रोत अनुसार अनुगमन गर्दा हेर्नुपर्ने कुराहरुको सूची फरक हुन सक्ने भएकाले आवश्यक पूर्व तयारी गरी अनुगमन गर्दा प्रभावकारी हुन्छ। साथै अनुगमनको प्रतिवेदन तयार गर्ने र अनुगमनबाट देखिएका कुराहरुलाई छलफल र कार्यान्वयन गर्ने पद्धति बसाल्न उपयुक्त हुन्छ।*

## 8.6 अनुगमन संयन्त्र

राजस्व सुधार कार्ययोजनाको अनुगमन तथा मूल्यांकनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ को प्रावधान अनुसार गठन भएको स्थानीय राजस्व परामर्श समिति जिम्मेवार हुनेछ। उक्त समितिलाई राजस्व शाखाले आवश्यक समन्वय, सहयोग र सहजीकरण गर्नेछ। साथै, यसले राजस्व सुधार कार्ययोजनामा समाबेश गरिएका

क्रियाकलापहरुको विषयमा कम्तीमा प्रत्येक त्रैमासिक रूपमा प्रगति विवरण तयार गरी अनुगमन तथा मूल्यांकन समितिको बैठकमा प्रस्तुत गरी छलफल गर्ने व्यवस्था मिलाउने छ। यसरी छलफल गरी समितिको तहबाटै समाधान हुने विषय तत्काल समाधान गर्ने र समितिको क्षेत्राधिकार भन्दा माथिका विषयहरुमा समितिको राय सहितको प्रतिवेदन स्थानीय राजस्व परामर्श समिति मार्फत कार्यपालिकामा प्रस्तुत गरी छलफल गर्ने र समाधानका उपायहरु खोजी गर्ने प्रकृयाको अवलम्बन गरिनेछ। साथै वडा तहको अनुगमन समितिले पनि त्रैमासिक रूपमा अनुगमन गरी उपप्रमुखको संयोजकत्वमा रहेको अनुगमन तथा मूल्यांकन समितिमा प्रतिवेदन पेश गर्नेछ।

राजस्व सुधार कार्ययोजनाको नियमित अनुगमनको व्यवस्थासँगै कार्ययोजनालाई कार्यान्वयनको अनुभवको आधारमा वार्षिक रुपमा परिमार्जन तथा अद्यावधिक गरिदै लगिनेछ। प्रतिवेदन कार्यान्वयनका चरणहरुमा यी सबै विषयहरुलाई ध्यान दिइनेछ। गाउँपालिका र वडास्तरीय राजस्व सुधार कार्ययोजनाको अनुगमन तथा मूल्यांकन समितिको संरचना देहायबमोजिम हुनेछ।

**(१) अनुगमन तथा मूल्याङ्कन समिति**

| | |
|---|---|
| (क) उपाध्यक्ष | : संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | : सदस्य |
| (ग) कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य मध्येबाट एक जा महिला सहित दुई जना सदस्य | : सदस्य |
| (घ) निजी क्षेत्रको उद्योग बाणिज्य सम्बन्धी मान्यता प्राप्त सस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | : सदस्य |
| (ङ) घरेलु तथा साना उद्योग सम्बन्धी मान्यताप्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | : सदस्य |
| (च) कार्यपालिकाको राजस्व शाखा प्रमुख | : सदस्य सचिव |

**(२) वडास्तरीय अनुगमन तथा मूल्याङ्कन समिति**

| | |
|---|---|
| क. वडा अध्यक्ष | : संयोजक |
| ख. वडा सदस्य मध्येबाट एकजना महिला सदस्य | : सदस्य |
| ग. वडा सचिव | : सदस्य सचिव |

राजस्व सुधार कार्ययोजनाले निर्धारण गरेको अपेक्षित उपलब्धी हासिल गर्न कार्ययोजनामा तय गरिएका कार्यनीति र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय राजस्व परामर्श समिति पूर्णरुपमा जिम्मेवार हुनेछ।

